वर्ष : १५, अंक : ४६, काठमाडौं, २०७६ फागुन ३० गते शुक्रबार, 13 March 2020, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## 'विशेष प्रदेश' घोषणा गर्न माग

काठमाडौं । प्रदेश २ लाई विशेष प्रदेश घोषणा गर्न माग गर्दै जरूरी सार्वजनिक महत्वको प्रस्ताव दर्ता भएको छ । संसद सचिवालयमा सत्तारूढ दल नेकपाका प्रदेश नम्बर २ का अध्यक्षसमेत रहेका सांसद प्रभु साहले जरूरी सार्वजनिक महत्वको प्रस्ताव दर्ता गराएका हुन् । उक्त प्रस्तावको समर्थकमा काँग्रेसका सांसदहरू उमाशंकर अरगरिया र अमरेश कुमार सिंह रहेका छन् । प्रतिनिधिसभा नियमावली २०७५ को नियम ७१ बमोजिम जरूरी सार्वजनिक महत्वको विषमाथि छलफल गर्नका लागि प्रस्ताव दर्ता भएको हो । सांसद साहले दर्ता गरेको प्रस्तावमा भौगोलिक अवस्थिति र प्राकृतिक वनावटको दृष्टिमा नेपालको तराई मधेश क्षेत्र खासगरी प्रदेश नम्बर २ परम्परागत तथा ऐतिहासिक काल देखि नै आर्थिक गतिविधि एवं रोजगारामा सम्पन्न मानिए पनि राजनीतिक परिवर्तन पछि आर्थिक विकासका नाराले यस क्षेत्रका नागरिकहरूको आयु, साक्ष्रता र जीवनस्तर दिन प्रतिदिन वृद्धि हुँदै जानु पर्नेमा त्यसको प्रतिकूल र यी विषयहरू ह्रासउन्मुख हुँदै गएको जनाइएको छ । 'नेपालको प्रतिव्यक्ति आय १ हजार ४ अमेरिकन डलर रहेकोमा यस क्षेत्रका नागरिकको औसत आय अमेरिकन डलर ५ सय ७० मा सिमित रहनुपरेको छ, सबैभन्दा डरलाग्दो तथ्याङ्क यो छ कि, यस क्षेत्रको मृत्युदर पनि क्रमिक रूपमा बढ्दै गइरहेको छ' प्रस्तावमा तथ्याङ्क उल्लेख गर्दै भनिएको छ, 'सङ्घीय शासनप्रणाली लागू भएपश्चात नेपाल सरकारबाट घोषित नीति तथा कार्यक्रमअनुसार प्रदेश सरकारलाई प्राप्त अनुदान रकम खर्च हुन नसकी फ्रिज हुने क्रममा जारी नै छ, एक आर्थिक वर्षमा फ्रिज भएको रकम अर्को आर्थिक वर्षमा थप पठाउने अभ्यास पनि छैन ।' जातीय विभेद, गरिबी तथा पछौटेपनको रोगबाट आक्रान्त प्रदेश २ का नागरिकले मुक्ति पाउन नसकेको जनाउँदै सो प्रदेशका नागरिकको आयु वृद्धिका लागि आधारभूत स्वास्थ्य, शिक्षा र रोजगारी बढाउन पहल गर्नुपर्ने प्रस्तावमा उल्लेख छ । सबै प्रकारका विभेद अन्त्य गर्न तथा समानताको हकको प्रभावकारी कार्यान्वयन गर्दै संविधानको मर्म अनुरूप प्रस्ताव दर्ता गराइएको हो ।

## नागरिकता विधेयक चाँडै पास गर्न आग्रह

काठमाडौं । राजपाका नेता तथा प्रतिनिधसभा सदस्य महेन्द्रराय यादवले नागरिकता विधेयक चाँडै पास गर्न आग्रह गरेका छन् । प्रतिनिधिसभाको विशेष समयमा बोल्दै रायले नागरिकता नहुँदा नेपालीको जन्मसिद्ध अधिकार हनन भएको बताए । 'नागरिकताको अभावले नेपालीको सन्तानले नै पढ्न पाएको छैन, जागिर पाएको छैन, स्वास्थ्य सेवा पाएको छैन, नोकरी गर्न र व्यापार केही गर्न सकेको छैन',उनले भने । आफ्नै देशमा उपनिवेशिक बनाएर यो सरकारले के गर्न लागेको हो प्रश्न गर्दै उनले नागरिक विधेयकसम्बन्धी विधेयकको अध्ययन गर्न बनेको समितिले पनि काम नगरेको आरोप लगाए ।

## कोरोनासम्बन्धि तथ्याङ्क लुकाएको दाबी

काठमाडौं । प्रतिनिधिसभा सदस्य तथा समाजवादी पार्टीका नेता प्रदीप यादवले नेपालमा कोरोना भित्रिए पनि सरकारले तथ्याङ्क लुकाएर राखेको दाबी गरेका छन् । प्रतिनिधिसभाको बिहिबार बसेको बैठकमा बोल्दै सांसद यादवले नेपालका विभिन्न ठाउँमा कोरोना भाइरसका संक्रमित भेटिए पनिसरकारले यसलाई लुकाइरहेको दाबी गरे । उनले अहिले कोरोना भाइरसका कारण विश्वका शक्तिशाली देशहरू गलिसकेको तर नेपाल सरकारले कुनै तयारी नगरेको आरोप लगाए । 'अमेरिका, युरोप, चीन पूरै गलिसके,' उनले भने, 'नेपालले के गरेको छ ?' भारत सरकार भारतले विदेशबाट आउने सबै आगन्तुकको भिसा इक महिनालाई स्थगित गरेको कुरालाई उदृत गर्दै उनले भने, 'भारतले कोरोना संक्रमणलाई मध्यनजर गर्दै सबै देशबाट आउने आगन्तुकको भिसा स्थगित गरेको छ तर नेपाल सरकारले लापरवाही गरिरहेको छ, नेपालमा जुनसुकै देशबाट आउने व्यक्तिलाई कोरोना नभएको प्रमाणपत्रको आधारमा मात्र प्रवेश पाइरहेका छन् ।'

## नेपालको विद्युत किन्न भारतलाई आग्रह



काठमाडौं । ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री वर्षमान पुन अनन्तले भारतलाई नेपालको विद्युत खरिद गर्न आग्रह गरेका छन् । यसअघि नेपालले भारतबाट विद्युत खरिद गर्दै आएकामा अब छिट्टै नेपाल विद्युतमा आत्मनिर्भर हुने भन्दै विद्युत खरिदका लागि आवश्यक प्रक्रिया छिट्टै सक्न मन्त्री पुनले आग्रह गरेका हुन् । काठमाडौंमा भारतीय ऊर्जा मन्त्रालयका सचिव संजीव नन्दन (एसएन) सहायसँग भेटमा मन्त्री पुनले भने, 'अब हामी भारतमा बिजुली निर्यात गर्न सक्ने भएका छौं । त्यसका लागि जारी प्रक्रियाले गति लेओस् भन्ने चाहन्छौं ।' नेपाल विद्युत प्राधिकरण र भारतीय केन्द्रीय विद्युत प्राधिकरण (सीइए) बीच विद्युत व्यापार सम्झौतामा हस्ताक्षर भइसकेको छ । तर, उक्त सम्झौता अनुसार भारतीय ऊर्जा मन्त्रालयले त्यहाँको विद्युत प्राधिकरणलाई विद्युत व्यापारको सहमति दिन ढिलाइ भएका कारण उक्त काम सुरू हुन सकेको छैन । मन्त्री पुनले दुई देशका प्राधिकरणबीच भएका सम्झौताअनुसार ऊर्जा मन्त्रालयबाट सहमति दिने काम छिटो गरिदिन आग्रह गरे । जवाफमा सचिव सहायले त्यो छिट्टै हुने प्रतिबद्धता जनाए । मन्त्री पुनले बुटवल-गोरखपुर ४ सय केभी अन्तरदेशीय ट्रान्समिसन लाइन निर्माणका लागि संयुक्त कम्पनी गठनबारे यसअघि दुई देशबीच पटकपटक छलफल र सहमति भएको स्मरण गराउँदै उक्त काम छिट्टै सक्नुपर्नेमा जोड दिए । जवाफमा भारतीय ऊर्जा सचिव सहायले विद्युत व्यापार सम्झौता र अन्तरदेशीय प्रसारण लाइन निर्माणको काम छिट्टै अगाडि बढ्ने विश्वास व्यक्त गरे । अरूण तेश्रो जलविद्युत आयोजनाको काम अगाडि बढाउन नेपाल सरकार र ऊर्जा मन्त्रालयले राम्रो सहजीकरण गरेको भन्दै सचिव सहायले प्रशंसा गरे ।

# मधेश प्रदेश कि मिथिला-भोजपुरा ?

## प्रदेश २ को नाममा भोली मतदान, 'मधेश'मा अल्झिएको राजनीति, भाषामा विवाद

**मधेशवाणी डेस्क**

काठमाडौं । अन्तत: निकै सकसकाबीच प्रदेश २ को नामाकरणको टुंगो मतदानबाट तय हुने निश्चित भएको छ । नामाकरणका लागि आज शुक्रबार प्रदेश सभा बैठकले मतदान प्रक्रियाको कार्यसूची तय गर्ने जनाइएको छ । प्रदेशको नामाकरणबारे सर्वसम्मतिको प्रयास विफल भएकोले प्रदेश सभाले मतदान प्रक्रियामै जान लागेको हो ।

प्रदेश २ का आन्तरिक मामिला तथा कानूनमन्त्री ज्ञानेन्द्र यादवले प्रदेश २ को नामाकरणमा प्रतिपक्ष सहमत नभएपछि मतदान प्रक्रियामा जान लागेको बताए । प्रदेशको राजधानी भने जनकपुरधाम बनाउने निर्णय यसअघि नै भइसकेको छ ।

प्रदेशको नामाकरणका लागि चार वटा प्रस्ताव दर्ता भएको छ । प्रदेशको नामाकरण सर्वसम्मतरूपमा राख्नका लागि संसदीय दलहरूबीच विवाद देखिएपछि सरोजकुमार यादवको संयोजकत्वमा विशेष समिति पनि गठन गरिएको थियो । तर सो समितिले प्रदेशको राजधानीको टुंगो लगाएपनि प्रदेशको नामाकरण भने टुंगो लगाउन सकेको थिएन । समितिको पहिलो बैठक सुरू भएको एक महिनाभित्र सहमति जुटाई प्रस्ताव पेश गर्न भनिएको थियो ।

सत्तारूढ दल समाजवादी पार्टी र राजपा नेपालले प्रदेशको नामाकरण 'मधेश प्रदेश' प्रस्ताव गरेका छन् भने प्रमुख विपक्षी दल नेकपाले 'जानकी' र नेपाली काँग्रेसले 'मिथिला-भोजपुरा' प्रस्ताव गरेका छन् ।

प्रदेशको नामाकरणबारे सहमति जुटाउन विभिन्न पटक बसेको समितिको बैठकमा सत्तारूढ दल मधेश प्रदेशबाट पछि हट्न तयार भएन भने विपक्षी दल पनि आफ्ना अडानबाट पछि हट्न तयार नभएपछि सहमति जुट्न नसकेको हो । मधेश जोड्दै नेकपाले जानकी-मधेश र कांग्रेसले मिथिला-मधेश नामकरण गर्न सत्तारूढ दलहरूलाई सुझाएका थिए ।





### 'मधेश'मा अल्झिएको राजनीति

प्रदेशको नामाकरण सम्बन्धमा सरकार इतरका दलहरू 'मधेश' छोड्ने मुडमा देखिएका छैनन् भने सरकार बाहिर रहेका दलहरू 'मधेश' मात्र स्वीकार गर्ने मनस्थितिमा देखिदैंनन् । 'मधेश' शब्दले प्रदेश २ को नामाकरणलाई अहिले जटिल बनाएको छ ।

प्रदेशको नाम 'मधेश' मात्र राखिए प्रमुख विपक्षी दल नेपाली काँग्रेस र नेकपाले स्वीकार नगर्ने संकेत दिइसकेको छ । प्रदेश २ को नाम के हुन्छ भन्ने प्रश्नमा मन्त्री यादवले भने, 'हामी अहिले पनि छलफलमा छौं, सकभर सहमतिको अन्तिम प्रयास गर्छौं, नत्र मतदानबाट टुंगो लाग्छ ।' प्रदेशको नामाकरण 'मधेश' नै हुने स्पष्ट नबताए पनि कानुन मन्त्री यादवले छोटो तर सबैलाई स्वीकार्य हुनेगरी नामाकरण गरिने बताए । 'प्रदेश नामाकरणको सवालमा हामी धेरै रिजिड छैनौं । तर, सबैलाई प्रतिनिधित्व हुनेगरी नामाकारण गर्ने हाम्रो चाहना छ,' यादवले भने । 'मधेशको अन्य जिल्लाहरू पनि प्रदेश २ मा समावेश गर्न संघर्ष गर्नुको विकल्प छैन, ती जिल्लाहरूको पनि प्रतिनिधत्व हुनेगरी नामाकरण हुन्छ,' उनले भने । काँग्रेसका नेता रामसरोज यादवले मिथिला बिना हुने अन्य कुनै नामाकरण आफूहरूलाई मान्य नरहेको बताए । प्रदेश २ मैथिली र भोजपुरीको बाहुल्य क्षेत्र रहेको उल्लेख गर्दै यादवले 'मिथिला-भोजपुरा' नामाकरण गर्न उनले सरकारलाई सुझाव दिए ।

'पहिचानको पाँच आधार भाषा, संस्कृति, भेषभुषा, भौगोलिक अवस्थिति र ऐतिहासिक निरन्तरता हुनपर्छ,' नेपाल यादवले भने,'प्रदेश २ मिथिलालाई प्रतिनिधित्व गर्दछ । मिथिला बिना नामाकारण सम्भव छैन् ।'

प्रदेश २ को सरकारले २२ जिल्लाको मधेशलाई ८ जिल्लामा सिमित गर्न खोजेको आरोप लगाउँदै २२ जिल्लाकै प्रदेश रहेको अवस्थामा आफुहरूलाई मधेश स्वीकार्य हुन सक्ने बताए ।

### भाषामा विवाद

प्रदेश २ मा बोलिने अन्य भाषाहरू राष्ट्रिय भाषा रहेपनि सम्पर्क भाषा हिन्दी बनाउने सरकारको तयारी छ । तर, सम्पर्क भाषाको रूपमा हिन्दीलाई स्वीकार गर्न नेपाली काँग्रेस र नेकपा तयार देखिएको छैन् ।

प्रदेश २ मा बोलिने मैथिली, भोजपुरी, अवधि, मगहीलगायतका भाषा जोड्न सम्पर्क भाषाको रूपमा वैकल्पिक भाषा ल्याउने सरकारको तयारी छ ।

हिन्दी भाषाप्रति नेकपाले आपत्ति जनाएको छ । हिन्दीभन्दा पुराने इतिहास मैथिलीको रहेको र प्रदेश २ मा मैथिली भाषी बढी रहेकोले विदेशबाट ल्याइएको भाषा आफूहरूलाई स्वीकार्य नहुने नेकपाले जनाएको छ ।

प्रदेश २ को प्रदेशसभामा कुल १ सय ७ जना सांसद छन् । जसमध्ये सत्तारूढ समाजवादी पार्टीको ३०, राजपाको २५, प्रमुख प्रतिपक्षी नेकपाको ३२, नेपाली काँग्रेससँग १९ जना सांसद छन् भने संघीय समाजवादी पार्टीका एक जना सांसद छन् । प्रदेशको नामारकण र स्थायी राजधानी तोक्न दुई तिहाई बहुमत आवश्यक छ । जसअनुसार दुई तिहाई बहुमतका लागि ७२ जना सांसदको समर्थ आवश्यक रहेको छ । तसर्थ प्रदेशको नामाकरण र स्थायी राजधानी तोक्नका लागि कसैसँग दुई तिहाई बहुमत नरहेकोले एक अर्को दलसँग सहमति गर्नुपर्ने र आ-आफ्नो अडानबाट केही पछि हट्नुपर्ने देखिन्छ ।

हुन त प्रदेश २ सरकारले प्रदेशको नाम, स्थायी राजधानी र भाषाबारे सुझाव दिन २०७५ कात्तिक ११ गते डा. हरिवंश झाको संयोजकत्वमा तीन सदस्यीय आयोगसमेत गठन गरेको थियो । आयोगले जनस्तरबाटै सुझाव संकलन गरी प्रदेश सरकारलाई प्रतिबेदन बुझाइसकेको छ । गोप्य राखिएको प्रतिवेदनमा नामका सम्बन्ध विकल्पहरू पनि प्रस्तुत गरिएको छ । प्रतिवेदनले मिथिला-भोजपुरा पनि एक विकल्प भएको हुन सक्ने र यसमा मतदान हुँदा दुई तिहाई पुग्न सक्ने सम्भावना बलियो हुन सक्ने औंल्याइएको छ । यद्यपी राजपा निकट नेताहरूले प्रदेश २ लाई मधेश भनेर जाँदा पार्टी ८ जिल्लामा खुम्चिने कारणले यस विषयमा पुनर्विचार गर्नुपर्ने आवश्यकता औंल्याएका छन् ।

## मुख्यमन्त्री राउत 'महामुर्ख'



जनकपुरधाम । मिथिला नाट्यकला परिषद (मिनाप)ले फागुन पूर्णिमाको अवसरमा प्रदान गर्दै आएको महामुर्खको उपाधी यस वर्ष मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीलाई प्रदान गरेको छ । प्रदेशको समाजिक रूपान्तरणका लागि मुख्यमन्त्री राउतले बेटी पढाउ बेटी बचाउ, छोरी शिक्षा बीमा, दलित र महिलाको लागि आरक्षणको व्यवस्था जस्ता चालेको कदमका लागि उनलाई महामुर्खको उपाधी प्रदान गरिएको मिनापले जनाएको छ । मिनापले भाषा, संस्कृति, कला, समाजिक रूपान्तरण, राजनीति जस्ता विद्यामा उत्कृष्ट प्रदर्शन गर्नेलाई प्रत्येक वर्ष महामुर्खको उपाधी प्रदान गर्ने गरेको छ ।







समय सन्दर्भ

निमिष झा



# क्वात्राको नेपाल मिशन

स्वतन्त्र भारतको पहिलो नेपाली राजदूतका रूपमा पञ्जाब पटियाला दरबारका सदस्य सुरजितसिंह मजेठिया काठमाडौं आएका थिए । उनीपछि भारतले २४ जना राजदूत काठमाडौंमा पठाइसकेको छ । २५ औं राजदूतको रूपमा परिपक्व कूटनीतिज्ञ विनयमोहन क्वात्राले आफनो कार्यभार सम्हालिसकेका छन् ।

पहिलो भारतीय राजदूत सुरजितसिंह मजेठियादेखि मञ्जिवसिंह पुरीसम्म आइपुग्दा नेपाल र भारतमा धेरै परिवर्तन आइसकेको छ । सुरजितसिंह नेपालका लागि तुलनात्मक रूपमा सफल राजदूत भएको देखिन्छ/ । खुला सीमाना, व्यापार लगायतका हिसाबले र नजिकको छिमेकी मुलुकका लागि नेपाल सधै भारतको लागि महत्वपूर्ण रहँदै आएको छ । छिमेकी देश भारतसँगको सन्निकट सम्बन्ध र त्यसको राजनीतिमा देखिँदै आएको प्रभावले मात्र होइन नेपालको भूराजनीतिक अवस्थाका कारण पनि यहाँ आउने भारतीय राजदूतहरू भारतका लागि महत्वपूर्ण दूत हुन् ।

नेपालमा राजदूत भएर आउने भारतीय कूटनीतिज्ञहरूको आम बुझाइ के छ भने नेपाल मिसन चुनौतीपूर्ण छ । सायद नेपाल र भारतको सम्बन्धबीच निरन्तर भइरहने उतारचढावले गर्दा यस्तो अवधारणा सिर्जना भएको हुनुपर्छ । वस्तुत: नेपाल र भारतबीचको सम्बन्ध जति गहिरो त्यति नै उतारचढावपूर्ण पनि छ ।

फागुन २२ गते नेपालका लागि नवनियुक्त राजदूत विनयमोहन क्वात्राले राष्ट्रपतिसमक्ष ओहोदाको प्रमाणपत्र बुझाइ सकेर आफ्नो कार्यकाल आरम्भ गरेका छन् ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी प्रधानमन्त्री रहेसम्म नयाँदिल्लीको काठमाडौं नीति परिवर्तन हुने देखिँदैन । त्यस्तै, ओली नेपालका प्रधानमन्त्री रहेसम्म नेपालको भारतप्रतिको बुझाइमा परिवर्तन हुने सम्भावना पनि देखिँदैन । त्यसैले अब दुई देशको नीतिको समस्या देखिँदैन । यहि नीतिलाई सफल कार्यान्वयन गर्ने जिम्मा वर्तमान राजदूत क्वात्राको काँधमा आएको छ । सुधारिएको नेपाल भारत सम्बन्धलाई सहि बाटोमा लैजाने चुनाती क्वात्रालाई छ ।

वर्तमान परिपेक्ष्यमा नेपाल र भारतबीचको सम्बन्ध २१औं शताब्दीको परिभाषाबाट अघि बढ्दैछ । यी दुई मुलुकका बीचमा यसअघि भावनात्मक, सांस्कृतिक, भौगोलिक र भाषिक समानताका आधारमा सम्बन्धलाई परिभााषित गरिदै आएको छ । अब २१औं शताब्दीको नेपाल-भारत सम्बन्धको परिभाषा सम्झौता, सहकार्य, विकास निर्माण र प्रविधिको समन्वयबाट अगाडि बढ्नु पर्ने देखिन्छ । नेपाल र भारतको विकासका लागि मोदीले अगाडि सारेको ५ 'टि' सुत्रको अवधरणालाई पछ्याउनु नै नयाँ राजदूतका लागि उपयुक्त हुन्छ । मोदीको 'पाँच टि' विकासको सूत्रमा ट्रेडिसन, ट्रेड, टुरिजम, ट्रान्सपोर्ट र टेक्नोलोजी हो । जसको सार अर्थ भनेको परम्परा, व्यापार, पर्यटन, यातायात र प्रविधि हो । यी सबै क्षेत्रमा नेपाललाई भारतीय साथ र सहयोग रहने भन्ने मोदीको अवधारणालाई सार्थक तुल्याउनु नयाँ राजदूत क्वात्राको महत्वपूर्ण चुनौती हो ।

| हालसम्मका राजदूतहरू | |
|---|---|
| सुरजितसिंह मजेठिया | एसके सिन्हा |
| सीपीएन सिंह | विमल प्रसाद |
| बीके गोखाले | केभी राजन |
| भगवान सहाय | देव मुखर्जी |
| हरिश्वर दयाल | आईपी सिंह |
| श्रीमन नारायण | श्यामशरण |
| राज बहादुर | शिवशङ्कर मेनन |
| एलपी सिंह | राकेश सुद |
| एम रसगोत्रा | जयन्त प्रसाद |
| एनबी मेनोन | रणजित राय |
| एनपी जैन | मञ्जिवसिंह पुरी |
| एचसी सरिन | विनयमोहन क्वात्रा |
| एआर देओ | |

मोदीले ५ टी मा आवश्यक चासो र व्याख्या गरेर त्यसमा भारत सरकारको पूर्ण साथ र सहयोग हुने बताए पनि नेपाल सरकारले त्यसअन्तर्गतको परियोजनाको योजना बनाई औपचारिक प्रस्ताव गर्न सकेको छैन । यसलाई तुरून्त योजना बनाई भारतसमक्ष औपचारिक प्रस्ताव गर्न सकिए यसबाट नेपाल प्रत्यक्ष लाभान्वित हुने देखिन्छ । साथै, भारतसँगको नेपालको सम्बन्ध थप प्रगाढ हुने देखिन्छ ।

भौतिक रूपमा नेपाललाई फाइदा पुग्ने देखिएपनि यसबाट अप्रत्यक्ष रूपमा भारतलाई पनि फाइदा पुग्ने देखिन्छ । यद्यपि सन् २०१४ मा सार्क सम्मेलनताका पनि नेपालमा आउँदा मोदीले नेपालको विकासको सुत्र दिएर गएका थिए । उक्त सुत्र नेपालमा हिट भएको बताइएको छ । त्यतिखेर भारतीय प्रधानमन्त्री मोदीले 'हाइवे' (राजमार्ग), 'इन्फरमेसन टेक्नोलोजी' (सुचना प्रविधि) र 'ट्रान्समिसन' (विद्युत प्रसारण) लाई नेपालको विकासको सुत्र बनाएर गएका थिए ।

क्वात्रा स्वयं नेपालबारे जानकार छन् । उनी सन् २००६ देखि २०१० सम्म काठमाडौंस्थित सार्क सचिवालयमा काम गरेका थिए । त्यसैले उनी नेपाललाई त्यतिबै नजिकबाट बुझ्ने मौका पाएका थिए ।

क्वात्रा नेपालमा राजदूतका रूपमा आउँदै गर्दा नेपाल र भारतको सम्बन्ध झन् सहज र समुधुर छ । यद्यपी केही विषयहरूमा दुई देशबीच विवाद भने देखिएको छ । विगतमा भन्दा नेपाल भारत सम्बन्धका मार्ग अझ फराकिलो र सहज बनेको छ । तर, सम्बन्धलाई एक्काइसौं शताब्दीको आवश्यकता र दुवै देशको जनताको भावना अनुसार अगाडि बढाउनुपर्ने अवस्था छ । यसका लागि क्वात्राले आफनो कुटनीतिक कुशलता देखाउनु पर्छ ।

## सम्पादकीय



# कोरोना रोकथाममा नेपाल-भारत सहकार्य

छिमेकी मुलुक चीनमा जसरी खतरनाक भाइरस (कोरोना) को प्रकोपमा आएको छ, त्यो भाइरसले चार हजारभन्दा बढी मानिसहरूको ज्यान लिइसकेको छ भने लाखौं यो भाइरसबाट संक्रमित भइसकेका छन् ।

कोरोना भाइरस अति नै खतरनाक र यसले ज्यान पनि जान सक्छ । सबै भन्दा महत्वपूर्ण कुरा के हो भने कोरोना भाइरस र रोगको अहिलेसम्म कुनै उपचार अथवा भ्याक्सिन पत्ता लागेको छैन । यस्तो अवस्थामा यदि कोहि व्यक्ति यो भाइरसको चपेटामा आयो भने त्यो व्यक्तिको उपचार हुन सक्दैन । त्यसैले यो खतरनाक भाइरसबाट बच्ने केवल एउटै तरिका भनेको सुरक्षा अपनाउनु हो ।

चीनमा फैलिएको खतरनाक कोरोना भाइरस झन्-झन् खतरनाक हुँदै गएको छ र यो फैलने क्रम जारी नै छ । कोरोना भाइरस अब चीनबाट नेपाल, भारत, सिंगापुर, मलेशिया, युरोप र अमेरिकासम्म पुगिसकेको छ । कोरोना भाइरस भएको मानिस नेपाल नभित्रिन भनेर नेपालसँग जोडिएको भारत र चीनका नाकाहरूमा र त्रिभुवन विमानस्थलमा कडा सुरक्षाको व्यवस्था गरिएको छ। यसै सन्दर्भमा सरकारले कोरोनाभाइरसको संक्रमण नेपाल भित्रिन नदिन नेपाल-भारतका ३७ सीमा नाकामा चेकजाँच गर्ने निर्णय सरकारले गरेको छ ।

सरकारले नेपाल र भारतका ३७ वटा नाकामा स्वास्थ्य टोली पठाएर चेकजाँच गर्ने जनाएको हो । कोरोना भाइरसको रोकथाम तथा नियन्त्रणका लागि नेपाल र भारतका अधिकारीबीच सहकार्य सुरू भएको छ । पशुपतिनगर, झापा, विराटनगर, वीरगञ्ज, भैरहवा, जमुनाह, धनगढीजस्ता व्यस्त नाकाबाट ठूलो संख्यामा नेपाली र भारतीयको आवतजावत हुने भएकाले यी क्षेत्रमा विशेष निगरानी गर्नुपर्ने आवश्यकता दुबै मुलुकका अधिकारीले महसुस गरेका छन् ।

कोरोनाको सीमारहित प्रकोप नियन्त्रणमा विश्वकै साझा पहल आवश्यकता महसुस गरिएका बेला नेपाल-भारतजस्ता खुला सिमाना, जनस्तरको व्यापक अन्तरक्रिया हुने देश, जहाँका सीमावर्ती जनताको दैनिकी सीमा वारपारमा चल्छ, त्यहाँ विशेष उच्च सतर्कता अपनाउनु जरूरी भइसकेको छ ।

**वर्तमान संकटमा पनि नेपाल-भारतको सहकार्यले दुबै देशमा कोराना संक्रमण नियन्त्रण गर्दै आपसी मित्रताको सन्देश दिन सकिने चुनौती र अवसर आएको छ।**

नेपालका अधिकारीले नेपाल-भारत सीमाक्षेत्रबाट हुने प्रवेशमा कडाइ गर्न थालेलगतै भारतका अधिकारीले पनि कोरोना भाइरसको संक्रमण भित्रिन नदिन नेपालसँगको सहकार्यमा जोड दिएका छन् ।

कोरोना संक्रमणको नेपाल-भारत मिलेर सामना गर्नुपर्ने आवश्यकता मात्र छैन, बाध्यता पनि छ। दुबै देशका नागरिकबीच हुने दैनिक अन्तरक्रिया र समान हावापानीका कारण पनि नेपाल र भारतको साझा पहलको पुनर्पुष्टि गर्छ । सीमामा गरिने स्वास्थ्य परीक्षणका अतिरिक्त वर्तमान संक्रमणविरूद्ध नेपाल भारतबीच दैनिक खाद्यान्नदेखि विभिन्न अत्यावश्यकीय बस्तुको आयात निर्यातलाई पनि व्यवस्थित गर्नुपर्ने देखिएको छ ।

यसअघि नेपालमा भएका प्राकृतिक प्रकोपमा भारतले गरेको सहयोगलाई नेपालीले उच्च सम्मानका साथ संस्मरण गरेका छन् । वर्तमान संकटमा पनि नेपाल-भारतको सहकार्यले दुबै देशमा कोराना संक्रमण नियन्त्रण गर्दै आपसी मित्रताको सन्देश दिन सकिने चुनौती र अवसर आएको छ । तसर्थ, नेपाल र भारतका अधिकारीहरूले कोरोना नियन्त्रणका लागि संयुक्त रूपमा प्रभावकारी कदम अपनाएर एक अर्कोलाई सहयोग गर्नु वाञ्छिनिय छ । यसका लागि दुवै देशले प्रत्येक नाकाहरूमा स्वास्थ्य जाँचको प्रभावकारी व्यवस्था गरेर एक अर्कोलाई सहयोगको वातावरण बनाउनु पर्छ । कोरोनाको संक्रमण नेपाल वा भारतमा पऱ्यो भने त्यसबाट कुनै एक देश मात्र होइन दुबै देशलाई संक्रमित बनाउन सक्छ । त्यसैले यसका लागि उच्च तहको सहकार्य आवश्यक छ ।

## साताको सात बात



नेकपाका नेताहरूको असन्तुष्टिलाई म्यानेज गर्न केपी ओलीलाई गाह्रो भइरहेको छ। अहिलेको द्वन्द्वचाहिँ त्यही हो। यो द्वन्द्वले फेरि कता-कता के-के गर्ने हो। हिजो कांग्रेस जसरी दुर्घटनामा गयो, त्यो इतिहासबाट यी नेताहरू केपी ओलीदेखि लिएर प्रचण्डसम्म सच्चिन जरूरी छ। **रामचन्द्र पौडेल, नेता, नेपाली कांग्रेस**



एमसीसी पारित हुने र नहुने विषयमा सभामुखको भन्दा पनि सत्तारूढ पार्टीका दुई अध्यक्षको भूमिका निर्णायक हुन्छ। के गर्दा देशको हित हुन्छ, त्यसमा मेरो भूमिका हुन्छ। अमेरिकी च्यालेञ्ज कर्पोरेशन (एमसीसी) सभामुखले तोक लगाइदिने विषय होईन । **अग्नीप्रसाद सापकोटा, सभामुख**



अहिले नीतिगत र संस्थागत भ्रष्टाचार मौलाएको छ। यो ब्रम्हलुटमा सत्तारूढ मात्र छैन, प्रमुख मतियारको रूपमा प्रतिपक्षी नेपाली कांग्रेस पनि उत्तिकै सहभागी भएको छ। पार्टी एकता हुन पाएको छैन फुट्छ कि भन्ने चिन्ता छाड्नुस्, यो नकारात्मक सोच राख्ने हो भने हामी शिथिल हुन्छौं। **कमल थापा, अध्यक्ष, राष्ट्रिय प्रजातन्त्र पार्टी**



विश्वभरी श्रमका लागि गएका नेपालीहरूलाई स्वदेश फिर्ता बोलाउँछौं। कोरोना प्रभावित देशमा रहेका सबै नेपालीहरूलाई स्वदेशमा बोलाउने र यहीँ रोजगारी दिने अवस्था सिर्जना गर्नुपर्दछ। कतारमा रहेका सबै श्रमीक नेपाल ल्याउने प्रक्रिया सुरू गर्छौं। **रामेश्वरराय यादव, श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री**



आफ्नो देशमा पाएको काम नगर्ने तर अन्यत्र गएर त्यही काम गर्ने समाजको मनोविज्ञान छ, यहाँ भएका काम विदेशबाट आएर युवाले गरेका छन्, मनोविज्ञानमा बदलाव जरूरी छ। युवालाई विदेश जानपर्ने परिस्थितीको अन्त्य गर्न सरकार लागेको छ। **शंकर पोखरेल, मुख्यमन्त्री, प्रदेश ५**



नेपाल, भारतलगायतका एसियाली महिलाले स्वतन्त्रता प्राप्तिकानिम्ति पश्चिमा मुलुकका महिलाले सरह आन्दोलन गरेको नभए पनि मुलुकको स्वाधीनताकानिम्ति भने पुरूषसँगसँगै काँधमा काँध मिलाई निरंकुशताविरूद्ध संघर्ष गरेका छन्। **सुशीला कार्की, पूर्वप्रधानन्यायाधिश**



हामीले जनताको अपेक्षा अनुसारको काम गरेका छौं। जनतामा प्रदेश सरकारप्रति ठूलो आशा र भरोसा राख्न सक्ने विश्वास दिन सफल भएका छौं। अहिले पनि यहाँ जनताको ठूलो आशा र भरोशाको केन्द्र प्रदेश सरकार बनेको छ। **जितेन्द्र सोनल, भौतिक पूर्वाधार विकासमन्त्री, प्रदेश २**

# मौलिक अधिकारको प्रश्न र राजनीतिक एकाधिकार

**विचार-विश्लेषण** भाग-६२



उपेन्द्र झा

**दुई तिहाई नजिक बसेको र राज्यसत्तामा एकाधिकार पाएको ओली सरकारको विरूद्ध आफ्नो सहकर्मीदेखि विपक्षमा रहेका सम्पूर्ण शक्तिहरू संगठित भइरहेको कुराले राजनीतिक द्वन्द्वाभिमुख भइरहेको यथार्थलाई नकार्न सकिन्न ।**

संघीय लोकतान्त्रिक गणतन्त्रको माग र प्रस्तुत प्रणालीको जनसमक्ष अनेक द्वन्द्वाभिमुख प्रश्न खडा गरेको छ। माग र प्रस्तुतीबीच तालमेल नरहेको कारण "संघीय लोकतान्त्रिक गणतन्त्र" सरोकारवाला तथा प्रस्तुतकर्ता दुबैलाई असन्तुष्ट पारेको छ। संघीय लोकतान्त्रिक गणतन्त्रलाई स्वीकार नगर्ने कट्टर पंथीहरूको विरोधको स्तर त्यसै पनि मुखरित भई रहेको छ। यस प्रणाली विरूद्ध असन्तुष्ट हुनुको प्रतिशत तीब्रतर बढि रहेकोले औचित्यमाथि प्रश्न तेर्सिने खतरालाई नकार्न सकिन्न ।

विशाल आन्दोलन खडा गरेर सरोकारवालाले शासक समक्ष "संघीय लोकतान्त्रिक गणतन्त्र" को माग राखि सामुदायिक बाहुल्यको आधारमा मधेश, थारूवान, ताम्सालिङ, लिम्बुवान, खूम्बुवान, किराँत, नेवार प्रदेश बनाउने आवाजलाई शासकवर्गले स्वीकार गरेपनि अधिकार विकेन्द्रीकरणको पीडालाई सहन सकेन। जनअपेक्षा विपरीत आफ्नो स्वार्थको पृष्ठपोषक रूपमा संघीय लोकतान्त्रिक गणतन्त्रको परिभाषा गरि बलपूर्वक ७ प्रदेशको संघीय प्रणाली लागू गरियो। जनअपेक्षा विपरीत आएको प्रदेशप्रति सरोकारवालाको असन्तुष्टि रहनु स्वाभाविक हो। २२ जिल्ला मधेशलाई ८ जिल्लामा सिमित गर्नु असन्तुष्टताको ठूलो उदाहरण हो। राजनैतिक एकाधिकार राख्ने शासकवर्गले कूटनीतिक चातुर्यता प्रयोग गरि प्रत्येक प्रदेशलाई आफ्नो प्रभावमा लिएको सरकारको रणनीतिक कुशलता होला तर पार्श्वमा देखिएको असन्तुष्टता मौका पाएर द्वन्द्वको स्वरूप तयार पार्न सक्षम नहोला भन्न सकिन्न ।

खसवर्गीय एकाधिकार कायम रहेको नेपाली राजनीतिमा प्रजातान्त्रिक तथा साम्यवादी चिन्तनका अभ्यास गरिरहेका पार्टीहर भिन्न भिन्न विचार लिएपनि वर्गीय चरित्रमा भिन्नता भने छैन। संविधान सभामा यिनको भूमिका साक्ष्य प्रमाणको रूपमा विद्यमान छ। नेपालको राजनीतिक सत्तामा २५० वर्षदेखि अविछिन्न रूपमा एकाधिकार कायम राख्न सफल विशेष पहिचान बोकेको यो शासकवर्ग बडो बाठो र परिवर्तनलाई आत्मसात गरि आफ्नो वर्चस्व कायम राख्न महारत हाँसिल गरेको छ। ७ प्रदेश दिएर पनि यसलाई कञ्चित क्षति न भएको अभिमान छ।

"नेपाललाई गरिब मुलुकको रूपमा कायम राखी संसारसँग सहयोग माग्ने" परम्परागत एकसूत्रीय एजेण्डालाई प्रगतिशील पार्टीको रूपमा चिनिएका प्रजातान्त्रिक तथा साम्यवादी शक्तिहरू आफ्नो घोषणा पत्रमा जति डींग हाके पनि विरासतमा पाएका नारालाई छाडेका छैनन्। जसरी पनि सत्ता प्राप्त गर्ने, भ्रष्टाचार गर्ने, पैसा खर्च गरि चुनाव जितेर पुनःश्च सत्तामा आउने यही परिधिमा लिप्त छन् शासकको ।

०४६-०७६ यो ३० वर्षको अवधीमा कट्टर राष्ट्रवादी भनिने प्रजातान्त्रिक शक्ति र कम्युनिष्ट शक्तिले आर्थिक अनियमिततामा जति संलग्नता देखाएर देशको उन्नति, प्रगतिमा शताँश भाग पनि कार्य गरेन। देशले भोगी रहेको भयावह व्यापार घाटा, डरलाग्दो आयातको दर, उत्पादनको शुन्यता, धराशायी बनेको उद्योग, दयनीय कृषि आदि तस्वीरले यिनको अकर्मष्यताको ठूलो उदाहरण प्रस्तुत गर्दछ। यसको विपरीत सत्तामा हुने राष्ट्रवादीहरूको कति महल बने, विदेशी बैंकमा कति पैसा राखिए, कतिको भ्रष्टाचार भयो, सतहमा आएका भ्रष्टचारका मुद्दाहरूले यिनको मुखौटा उतारी रहेका छन्।

खसवर्गको जुनसुकै पार्टीको सरकार बनोस् भिखारी मानसिकताबाट कोही मुक्त छैनन्। कथित राष्ट्रवादीहरू विश्वसँग सहयोग मागेर देश बनाउने काम गर्दैन। भ्रष्टचारको भागवण्डामा नै सिध्याउँछन्। देशको आर्थिक प्रगति शून्य हुने तथा संसारमै आलोचित हुने लाजबाट पनि मुक्त छ यो शासकवर्ग। भर्खरै ओली सरकारको मन्त्री मण्डलबाट भ्रष्टचारको आरोप लागेर वहिर्गमनमा परेका संचारमन्त्री गोकुल वास्कोटा २१ अर्ब पर्ने सेक्युरिटी प्रेसलाई २७ अर्बमा खरीद गर्ने घटनाले उनको देशप्रेमलाई गिज्याई रहेको छ। ललिता निवास जग्गा प्रकरणमा १७५ जनामाथि दायर भ्रष्टाचार मुद्दामा १६० जना कर्मचारी छन् भने बाँकी राजनेता भनिनेहरू मुछिएका छन्। ३३ किलो सुन प्रकरण, वाइड वडी, नेपाल ट्रष्ट जस्ता कतिपय भ्रष्टचारका मुद्दाहरू सतहमा आउन बाँकी नै छन्। यी तस्वीरहरूले शासकवर्ग लाज नमानी भ्रष्टचार गर्ने एकसूत्रीय एजेण्डामा लिप्त रहेको स्पष्ट छ।

निरंकूश सामन्त (राणा), महा समान्त (राजा) र उदारवादी सामन्त (कांग्रेस, कम्युनिष्ट तथा राप्रपा) तीन वर्गमा विभाजित खस शासकवर्गको नेतृत्वमा भएको २००७ साल, ०३६ साल, ०४६ साल र ०६२/०६३ सालको आन्दोलन असलमा जनाधिकार प्राप्तिको नभई एउटालाई हटाएर अर्को खस शासकलाई राज्यसत्ता दिलाउने आन्दोलन हो। २००७ सालमा निरंकूश सामन्तबाट सत्ता खोस्न महासामन्त र उदारवादी सामन्तको मिलन र भारतको सहयोगबाट राजाले सत्ता प्राप्त गरेको घटना थियो। यसलाई प्रजातान्त्रिक आन्दोलन भनियो।

०४६ साल राजाको प्रत्यक्ष शासन हटाएर उदारवादी सामन्तको सत्तारोहन थियो। यसलाई पनि प्रजातान्त्रिक आन्दोलन भनियो। तर यस अवधीमा जनताको कति हक खोसियो त्यसको लेखाजोखा गरिएन। प्रजातान्त्रिक सरकारमा जनता कति असन्तुष्ट भए कि माओवादीको जन्म भयो र राजा पुन सक्रिय भए। जुनसुकै आन्दोलनले खसवर्गीय शासकलाई नै राजनैतिक सत्ता दिलाएको प्रष्ट हुन्छ।

दरिद्र मानसिकतामा लिप्त शासकवर्ग राष्ट्रवादको जतिसुकै नारा लगाएपनि यिनमा देशप्रेम, धर्म, संस्कृतिको मौलिकता, इमान्दारी, नैतिकता स्वाभिमान केही नभएको शक्तिकेन्द्रको इशारामा चल्ने रोबट हो। यसले आफ्नो स्वार्थ पूरा गर्न देशलाई पनि दाउमा राख्न हिच्किचाउँदैन।

जनताको हक अधिकारलाई खुम्चाएर संघीय प्रणाली दिएको ओली सरकारको सर्वत्र आलोचना भइरहेको छ। दुई तिहाई नजिक बसेको र राज्यसत्तामा एकाधिकार पाएको ओली सरकारको विरूद्ध आफ्नो सहकर्मीदेखि विपक्षमा रहेका सम्पूर्ण शक्तिहरू संगठित भइरहेको कुराले राजनीतिक द्वन्द्वाभिमुख भइरहेको यथार्थलाई नकार्न सकिन्न।

ओली सरकारको एकाधिकार प्रवृतिले उसको प्रशंसा भन्दा आलोचना तीव्र रूपमा बढ्न थालेको छ। यसले राजनीतिक तरलतालाई बढाउँछ। यसलाई रोक्ने चेष्टा भएन भने यसले राजनीतिको अर्को कोर्स तयार पार्नेमा दुईमत रहँदैन। असन्तुष्टताले अर्को फरक राजनीतिको जन्म दिन्छ।

*janukjha24@gmail.com*

## 'मिथिला सागर' पर्यटकीय ताल निर्माण



जनकपुरधाम। धनुषाको मिथिला नगरपालिका ७ पोखरियाको चुरिया पहाडमा पर्यटकीय ताल निर्माण गरिएको छ। तालको नाम मिथिला सागर राखिएको छ। पूर्वपश्चिम राजमार्गअन्तर्गत ढल्केवर चोकबाट तीन किलोमिटर उत्तर लागेपछि पोखरीया भन्ने स्थानमा ताल बनाइएको हो। चारैतिर सालको घना जंगल र उत्तरतिर रमणीय चुरिया पहाडको काँखमा मिथिला सागर अवस्थित छ। मेचिदेखि महाकाली, तराईदेखि पहाडसम्मका पर्यटक यहाँ घुम्न आउँछन्। भ्रमण वर्ष २०२० मा ताल भ्रमणको केन्द्र बनेको छ। केमलीपुर र पोखरीया दमार सामुदायिक वनको सीमानामा सात बिघा क्षेत्रफलमा ताल फैलिएको छ। सागरको बीच भागमा उत्तरेश्वर महादेव मन्दिरले तालको महत्व थप बढाएको छ।

मिथिलाको पावन नगरी जनकपुरधामभन्दा २८ किलोमिटर उत्तरमा पर्छ मिथिला सागर। मिथिला नगरपालिकाले चुरिया संरक्षण गरेर तराईको उर्वरभूमि मरभूमीकरण हुनबाट बचाउन योजनाबद्ध काम थालेको छ। 'चुरेमा पर्यटकीय स्थल चुरिया पनि जोगिने, दिर्घकालीन आम्दानीको स्रोत पनि हुने र पर्यटक घुमाउन सकिने भएपछि पोखरी संरक्षण गरेर तालको रूप दियौं', मेयर हरिनारायण महतोले भने। भौतिक पूर्वधारमा ११ करोड बजेट खर्चिएको अनुमान रहेको उनले बताए। 'प्रदेश २ कै नमुना पर्यटकीय स्थलको रूपमा विकास गर्ने लक्ष्य छ', उनले भने। मिथिला सागरको विकासका लागि सहरी विकास मन्त्रलायको तर्फबाट चार करोड बजेट स्वीकृत भएको छ। भौतिक पूर्वधार निर्माणका लागि टेन्डर पनि भइसकेको छ।

## मन्त्री भट्टराई र राजदूत यान्छीबीच भेटवार्ता

काठमाडौं। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराई र नेपालका लागि चिनियाँ राजदूत होउ यान्छीबीच भेटवार्ता भएको छ। भेटमा कोरोनाभाइरसको सङ्क्रमणले ल्याएको समस्या, यसको नियन्त्रण, रोकथाम उपया र पूर्वतयारीको बारेमा कुराकानी भएको हो। मंगलबार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा भएको भेटमा राजदूत यान्छीले कोरोनाभाइरस नियन्त्रण र रोकथामका लागि चीनको अनुभव बारेमा जानकारी दिइन्।

राजदूत यान्छीले कोरोनाभाइरसको सङ्क्रमणबाट पिडित भएका ८० हजार ९ सय बिरामी मध्ये ५९ हजार चिनियाँ नागरिक उपचारपछि घर फर्किएको बताइन्। राजदूत यान्छीले नेपालमा कोरोनाभाइरसको सङ्क्रमण नफैलिने विश्वास व्यक्त गर्दै यदि नेपालमा समस्या भए नियन्त्रणको लागि चीनको पुरा सहयोग रहने बताइन्। उनले कोरोनाभाइरसको सङ्क्रमणबाट बच्न नेपालले अपनाएको पूर्व शर्तकता र तयारीको प्रशंसा समेत व्यक्त गरिन्। चीनले कोरोनाभाइरसको सङ्क्रमण नियन्त्रण र रोकथामको लागि अपनाएका सबै खालका प्रविधि, औषधी र सूचना नेपाललाई दिन चीन तयार रहेको उनको भनाई थियो। भेटमा मन्त्री भट्टराईले कोरोनाभाइरसको समस्याबाट चीन चाडै मुक्त हुन लागेको भन्दै खुसी व्यक्त गरे। उनले कोरोनाभाइरसको सङ्क्रमण रोकथामको लागि नेपालले सबै तयारी गरिरहेको जानकारी दिए। अन्तर्राष्ट्रिय विमानस्थलमा चेकचाज, अस्पतालहरूमा वेडको व्यबस्थापन, आवश्यक क्वारेन्टाइनको व्यबस्था लगायतका बिषयमा सरकारले गरीरहेको तयारीको बिषयमा मन्त्री भट्टराईले जानकारी दिए। मन्त्री भट्टराईले कोरोनाभाइरसको सङ्क्रमण रोकथामको निम्ती सरकारले भिडभाड हुने कार्यक्रम, सार्वजनिक स्थलहरूमा भेला नगर्न सचेत गराएको बताए। उनले कोरोनाभाइरसको बारेमा सञ्चार माध्यमहरूबाट सचेताना मुलक सूचनाहरू पनि प्रवाह गरिएको जानकारी दिए। भेट मन्त्रालयका सचिव केदारबहादुर अधिकारी, स्वास्थ्य मन्त्रालयका चिकित्सक, सहसचिव घनश्याम उपाध्याय लगायत मतहतका निकायका प्रमुखहरूको उपस्थिति थियो। भेटमा नेपालस्थित चिनियाँ राजदूताबासका उच्च अधिकारी सहभागी थिए।

# एकीकरणको कुरामा हल्ला बढी

**अहिले नेताहरूको व्यवस्थापनको विषयमा मात्रै बढी ध्यानाकर्षण भएको देखिन्छ। तर विचार, नीति, विधि, सिद्धान्तहरूको सवालमा प्रवेश नगरिकन एकताका बारे बाहिर-बाहिर हल्ला मात्रै भइरहेका छन्।**



## अशोक राई

### वरिष्ठ नेता, समाजवादी पार्टी

**० समाजवादी पार्टी सरकारबाट बाहिरिएपछि अहिले के गर्दैछ ?**

– अहिले हामी पार्टी संगठनको विस्तार र सुदृढीकरणको अभियानमा व्यस्त छौं। नयाँ शक्ति पार्टीसँग एकतापश्चात् जिल्ला र स्थानीय तहसम्मको समायोजन अझै बाँकी रहेकोले त्यसलाई पूर्णता दिनका लागि सो कार्यलाई तीव्रतापूर्वक लागेका छौं। साथै दुवै पार्टीका सदस्यता रेकर्ड गर्ने, नयाँ सदस्यता निर्माण गर्ने, नयाँ सदस्यहरूलाई प्रवेश गराउने र पार्टी एकता हुनसक्ने समूह वा पार्टीसँग वार्ता अगाडि बढाउने लगायतक कामहरूम हामी लागेका छौं। प्रशिक्षण कार्यक्रमलाई व्यापकरूपले सञ्चालन गरिरहेका छौं। पार्टीभित्रका समस्याहरू समाधान गर्ने, पार्टीलाई भावनात्मकरूपमा एकीकृत बनाउने, वैचारिकरूपमा उन्नत बनाउने र आन्दोलनको तयारी गर्ने काममा हामी व्यापकरूपमा लागिपरेका छौं।

**० जुन उद्देश्यका साथ समाजवादी सरकारमा गएको थियो त्यो पूरा भएन र बाध्य भएर सरकारबाट बाहिरिनुपऱ्यो। भनेपछि तत्कालीन अवस्थामा सरकारमा जाने निर्णय समाजवादीको ठूलो गलती थियो भन्ने अनुभूति भएको छ?**

– तत्कालीन अवस्थामा हामी सरकारमा जाने गरेको निर्णय गलत थिएन, त्यो उपयुक्त निर्णय थियो। नेकपासँग सुविधाजनक बहुमत थियो, हामी सामेल हुँदा दुई तिहाइ पुग्थ्यो। त्यस्तो सरकारमा आउनका लागि प्रधानमन्त्रीले बारम्बार अनुरोध गर्नुभएको थियो। आन्दोलनको क्रममा हामीले उठाएका मुद्दाहरूलाई संविधान संशोधन गरेर सम्बोधन गर्ने भनेर लिखित सम्झौता नै गरेको स्थितिमा हामी सरकारमा नगएको भए प्रधानमन्त्रीले हामीले संविधान संशोधन गर्ने भनेकै थियौं तर उहाँहरू सरकारमा आउनु भएन भनेर हामीमाथि दोष लगाउनु हुन्थ्यो। त्यसकारणले हामीले भन्यौं कि सरकारमा गएर हेरौं न त। हामी जाँदा दुई तिहाइ पनि पुग्छ, जनताले विश्वास गरेको सरकारले संशोधन गर्छु भनिरहेको अवस्थामा हामी सरकारमा गयौं। तर, अन्ततः प्रधानमन्त्रीको बेइमानीपूर्ण हर्कत उदाङ्गो भएपछि हामी सरकारबाट बाहिरियौं। किनकि नेपाली जनताले बुझ्न जरूरी थियो कि वास्तवमा प्रधानमन्त्रीले आदिवासी जनजाति, मधेशी, दलित, शिल्पी, महिला, मुस्लिम लगायतका समस्याहरू समाधान गर्न चाहनुहुन्न। यो संविधानमा रहेका विकृति, विभेदयुक्त व्यवस्थाहरू, साम्प्रदायिक र जातिवादी व्यवस्थाहरूलाई सुधार गर्न चाहनुहुन्न भन्ने कुराहरू साँचो अर्थमा जनतालाई बुझाउनुपर्ने आवश्यक थियो। त्यो काम सम्पन्न भएको छ।

**० समाजवादी पार्टी करिब डेढ वर्षसम्म सरकारमा बस्दासम्म कहिल्यै पनि इमान्दार प्रयास नगरेको आरोप छ नि ?**

– हामी सरकारमा बस्दासम्म प्रधानमन्त्रीलाई बारम्बार आग्रह गऱ्यौं कि संविधान संशोधनको प्रक्रिया सुरू गर्नुस्, हामीले संसदमा पनि बारम्बार आवाज उठायौं, प्रधानमन्त्रीसँग वार्ता गरियो, डेलिगेशन दियौं। जब हाम्रा पार्टी अध्यक्ष कानूनमन्त्री हुनुभयो तब उहाँले संविधान संशोधन गर्न एउटा कार्यदल बनाउन प्रस्ताव गर्नुभएको थियो। तर, प्रधानमन्त्री हाम्रो प्रस्तावलाई ठाडै अस्वीकार गरिदिनुभयो। यसबाट प्रष्ट भयौं कि प्रधानमन्त्रीले संविधानमा रहेका विभेद र असमानताहरू हटाउन चाहनु हुन्न। त्यसपछि हामी सरकारबाट फिर्ता भएका हौं।

**० समाजवादी र राजपाबीच एकताका लागि बाधा अवरोधहरू के-के छन् ?**

– दुई पार्टीबीच एकता गर्ने कुरा निकै नै जटिल काम हो। असम्भव होइन तर जटिलतायुक्त काम अवश्य हो। राजपा र समाजवादीबीच एकता गर्ने विषयमा शीर्षस्थ नेताहरूबीच विचार आदान-प्रदान गर्ने कुराहरू भइरहेका छन्। ६ जना अध्यक्ष भएको पार्टी राजपा रहेकोले सबैसँग छलफल गरेर सहमति बनाउनुपर्ने अवस्था छ। हाम्रो पार्टीमा पनि नेताहरूबीच सहमति सझदारी बनाउने जिम्मेवारी छ। वैचारिक र सैद्धान्तिक विषयमा छलफल गर्नुपर्ने पहिलो प्राथमिकता हो। वैचारिक र सैद्धान्तिक विषयमा हामीले छलफल थालेकै छैनौं। हाम्रो मुद्दा मिल्छन् भन्ने कुरा त छ हाम्रो। नेताहरूको व्यवस्थापन कसरी हुने भन्ने सवाल निकै संवेदनशील र महत्वपूर्ण हो। तर, मुख्य कुराहरूमा नीति, सिद्धान्त, विचार र विधि-विधानको विषयमा अहिलेसम्म पनि हाम्रो छलफल नै सुरू भएको छैन। हामी एकै ठाउँमा हुनसक्छौं भन्ने छ तर मुख्य कुराहरूमा अहिले पनि छलफल नै प्रारम्भ भएको छैन। हामी के मिशन र उद्देश्यका निम्ति एक हुँदैछौं भन्ने प्रष्ट हुनुपर्छ।

**० भनेपछि राजपा र समाजवादीका नेताहरूले एकताका सैद्धान्तिक र वैचारिक बहस नै सुरू गरेका छैनन्, बाहिर हल्ला मात्रै गर्दैछन् ?**

– अहिले नेताहरूको व्यवस्थापनको विषयमा मात्रै बढी ध्यानाकर्षण भएको देखिन्छ। तर विचार, नीति, विधि, सिद्धान्तहरूको सवालमा प्रवेश नगरिकन एकताका बारे बाहिर-बाहिर हल्ला मात्रै भइरहेका छन्। दुवै दलका नेताहरूले एकताबद्ध हुनुपर्छ, एकता नभइकन वैकल्पिक शक्ति बन्दैन, त्यो नभइकन विभेदका कुराहरू हटाउन सक्दैन भन्ने कुरामा प्रष्ट छन्। त्यहीअनुसार हामी अनौपचारिक विचार आदान-प्रदानमा लागेका छौं।

**० पार्टीभित्र नेताहरूको व्यवस्थापन नमिलेर नै अहिलेसम्म मुख्य विषयमा प्रवेश हुनै नसक्नुभएको हो कि ?**

– हाम्रो धेरै सैद्धान्तिक विषयहरू मिल्छन् त्यसलाई लिपिबद्ध गर्नुपर्छ। विचार र सिद्धान्तको कुरा शब्द शब्दमा, वाक्य वाक्यमा हेर्नुपर्ने हुन्छ। त्यसैले अलि जटिल विषय हो। हामीले सोचेको जस्तो सहज विषय होइन। नेतृत्वको व्यवस्थापनको पक्ष अलि बढी संवेदनशील विषय हो। यो दुवै कामहरूमा हामी ठोस निष्कर्षमा पुगेका छैनौं।

**० राष्ट्रियसभा निर्वाचनमा राजपाले नेकपासँग एकता गर्दा एकता प्रक्रियालाई असर गरेको छ ?**

– खासै प्रभाव पारेको छैन। चुनावमा राम्रो नतिजा प्राप्त गर्नका निमित्त जुनसुकै दलसँग सहकार्य हुन सक्छ। राजपा र समाजवादी एकीकरण भइसकेपछि त अहिले राजपाले राष्ट्रियसभामा जितेको दुई सिट पनि त हाम्रै हुन्छ नि।

**० राष्ट्रियसभा चुनावमा राजपा र नेकपासँगको सहकार्यसँगै प्रदेश २ को सरकार परिवर्तनका विषयहरू पनि चर्चामा आए, प्रदेश २ मा तपाईहरूको सहकार्य ५ वर्ष टिक्न नसक्ने हो त ?**

– हामीले राष्ट्रियसभा निर्वाचनमा पनि सहकार्य गर्न सकेको भए राम्रो हुन्थ्यो त्यतिबेला सहकार्य हुन सकेन। प्रदेश २ को सरकार परिवर्तनको विषयमा बाहिरी रूपमा जसरी हल्ला चलेको छ त्यसमा सत्यता छैन। बरू राजपा संघीय सरकारमा सहभागी हुने विषय पनि अगाडि आएको छ। एउटा सार्वभौम पार्टीले के गर्ने भनेर निर्णय गर्न सक्छ तर मुलुकको राजनीतिको विश्लेषण गर्दा हामीले पनि संघीय सरकारमा लामै समय बसेर अनुभव बटुलेर आएको हुनाले संविधान संशोधनलाई मुद्दा बनाएर अहिलेको सरकारमा सहभागी हुनु त्यति उपयुक्त हुन्छ जस्तो लाग्दैन। हिजो हेरौं न त भन्ने स्थिति थियो अब त्यस्तो अवस्था छैन।

**० राजपा यथास्थितिमा संघीय सरकारमा सहभागी नहोस् भन्ने तपाईहरूको सुझाव हो ?**

– हामीले त्यसरी भन्न मिल्दैन। वर्तमान राजनीतिक परिप्रेक्ष्यमा संविधान संशोधनलाई मुद्दा बनाएर अगाडि बढिराखेका दलहरूले कसरी अगाडि बढ्दा ठिक होला भन्ने विषयमा मेरो आफ्नो धारणा मात्र राखेको हुँ। राजपा नेपालका शीर्ष नेताहरूले पनि अब संविधान संशोधन नभइकन संघीय सरकारसँग सहकार्य गर्नु उपयुक्त हुँदैन भनेर अभिव्यक्ति दिइरहनुभएको छ। त्यसैले हामीले केही भनिरहन आवश्यक नै पर्दैन भन्ने लाग्छ मलाई।

**० तपाईहरू अहिले प्रतिपक्षको भूमिकामा हुनुहुन्छ। प्रमुख प्रतिपक्ष नेपाली कांग्रेसको भूमिका खासै सशक्त देखिएन भन्ने गरिन्छ। सशक्त प्रतिपक्षको भूमिका निर्वाह गर्न कांग्रेससँग सहकार्य गर्ने कुनै योजना छ ?**

– कांग्रेससँग हाम्रो मुद्दागत हिसाबले सहकार्य हुन्छ, कांग्रेसको भूमिका कस्तो छ भन्ने विषयमा सबैजना जानकार नै छन्। एकदमै शालीन र सभ्य भूमिकामा काँग्रेस छ। सरकारलाई काम गर्ने अवसर नै दिएर प्रतिपक्षले हरेक कुरामा खुट्टा तान्यो भन्ने हिसाबले आरोपहरू लाग्ने गरेको छ, त्यो आरोपबाट बच्न कांग्रेसले सरकारलाई काम गर्ने अवसर दिएको पनि हुनसक्छ। त्यति संवेदनशील प्रतिपक्ष र आन्दोलनकारी शक्तिहरूमध्येको एउटा शक्ति सरकारमै सामेल भएर दुई तिहाईको सुविधा दिएको स्थितिमा पनि सरकारले खासै उपलब्धि हासिल गर्न नसक्नुले सरकार असक्षम देखियो। यो सरकार गफाडीहरू र भ्रष्टहरूको जमातको रूपमा जनता माझ देखा परेको छ। हामी अहिले संगठनको काममा लागेका छौं। एक तहमा यो काम सम्पन्न गरिसकेपछि हामी आदोलनको काममा अगाडि बढ्छौं। त्यसरी अगाडि बढ्दा हामीसँग मुद्दा मिल्ने र हामीसँगै संघर्ष गर्न तयार हुने शक्तिहरूसँग सहकार्य गरेर अगाडि बढ्छौं।

**० अब हुने संघर्ष कस्तो हुन्छ ?**

– अब हुने आन्दोलन शान्तिपूर्ण रूपमा सडक र सदनमा हुन्छ। हाम्रा मुद्दाहरूलाई जनता समक्ष पुऱ्याउनका लागि र जनतालाई हाम्रो विचार र सिद्धान्तसँग जोड्नका लागि र जनतालाई सडकमा उतार्नका लागि हामी संघर्षमा जान्छौं।

# कम्युनिष्ट विचारधाराअनुसार नेतृत्वमा आचरण छैन

**जो नेतृत्वमा छन्, उसको आचरणमा सुधार हुन सकेको छैन। जस्तै, प्रधानमन्त्री एउटा गुटको मात्रै नेता जस्तो देखिनुभएको छ। त्यस्तै, मन्त्रीहरू पनि गुट चलाउनमै व्यस्त छन्, भ्रष्टाचार गर्ने, पैसा मात्र कमाउन लाग्ने जस्ता कुराहरूले गर्दा यस्तो बहुमतको सरकार हुँदा पनि जनताले अनुभूति गर्न पाएका छैनन्।**



## मेटमणि चौधरी

### सांसद, नेपाल कम्युनिष्ट पार्टी (नेकपा)

**० नेकपा भित्रको विवाद बारम्बार सतहमा आउने गरेको छ, किन ?**

– कुनै पनि राजनीतिक दल अगाडि बढ्ने क्रममा छलफल, बहस र विवाद हुनु स्वाभाविक हो। अहिले पार्टीको आन्तरिक द्वन्द्व सतहमा देखिएको छ तर द्वन्द्व भनेको विकासका लागि अनिवार्य चीज हो। नेकपाको केन्द्रीय सचिवालयले कुनै निर्णय गरिसकेपछि त्यो विषयमा विवाद खडा गर्नु निकै दुःखद् कुरा हो। सचिवालयको निर्णयलाई मानेर जानुको कुनै विकल्प छैन, चाहे त्यो प्रधानमन्त्री होस् वा अध्यक्ष अथवा जोसुकै होस्। वामदेव गौतम नै राष्ट्रियसभाको सदस्य बन्नुहुनेछ।

**० त्यसोभए, नेकपा सचिवालयको निर्णय प्रधानमन्त्रीले मान्नैपर्ने बाध्यता छ ?**

– प्रधानमन्त्री केपी शर्मा ओलीले नेकपा सचिवालयको निर्णय मान्नुपर्ने बाध्यता हो नै। हाम्रो टाउको गनेर उहाँ प्रधानमन्त्री हुने, तर निर्णय नमान्ने ? यदि कम्युनिष्ट पार्टी नभएको भए उहाँ प्रधानमन्त्री बन्न सक्ने सम्भावै थिएन। त्यसले गर्दा सचिवालयको निर्णय मान्नुको विकल्प छैन। कि त नैतिकता छ भने उहाँले राजीनामा दिनुपऱ्यो। त्यसकारणले कुनै पनि हालतमा उहाँले सचिवालयको निर्णय मान्नै पर्ने हुन्छ। कि त पार्टी छोडेर जानु पऱ्यो, अर्को पार्टी बनाउनुपऱ्यो। बहुमतले गरेको निर्णय मान्नुको विकल्प छैन। यदि मानिएन भने पार्टी र संगठन ध्वस्त हुन्छ।

**० नेकपाभित्रको विवादले विभाजनको रेखा कोरिरहेको हो ?**

– यो विवाद टुंगिएन भने पार्टी त विभाजन हुँदैन तर प्रधानमन्त्रीले नैतिकताको आधारमा राजीनामा दिनुपर्छ। अहिले प्रधानमन्त्री केपी कमरेड अल्पमतमा हुनुहुन्छ। त्यसले गर्दा पार्टीले जे निर्णय गर्छ त्यो नै मान्ने हो। उहाँ पार्टीका सर्वस्व त होइन नि। त्यसकारणले सचिवलयको निर्णय उहाँले मान्नु भएन भने पार्टीले उहाँलाई कारबाही गर्छ।

**० वामदेव गौतमलाई नै राष्ट्रियसभामा ल्याउनुपर्ने त्यस्तो के अपरिहार्यता आइपऱ्यो त ?**

– नयाँ अनुहारलाई पनि ल्याउँदा राम्रो हुन्छ। तर पनि व्यक्तिभन्दा पनि पार्टीले के निर्णय गरेको छ, कसको बारेमा र कुन विषयमा निर्णय गरेको हो त्यो महत्वपूर्ण कुरा हो। वामदेव बाहेक अरू कोही पनि हुन सक्थ्यो तर यतिबेला नेकपा सचिवालयले वामदेवलाई ल्याउने निर्णय गरेको छ। त्यसकारणले वामदेवलाई नै माथिलो सदनमा लैजानुपर्छ।

**० तर वामदेव गौतम त जनताबाट पराजित भइसकेका नेता हुन् नि ?**

– वामदेव गौतम भनेको कम्युनिष्ट आन्दोलनको एउटा खम्बा हो। प्रतिनिधिसभामा विभिन्न कारणले उहाँ जित्न सक्नुभएन। तर, उहाँ राष्ट्रलाई आवश्यक भएको व्यक्ति हुनुहुन्छ। त्यसैले पार्टीले उहाँको आवश्यक्त महसुस गरेर नै राष्ट्रियसभामा पठाउने निर्णय गरेको हो। यसकारण राष्ट्रका लागि आवश्यक पर्ने व्यक्ति वामदेव भएकोले उहाँलाई राष्ट्रियसभामा पठाउने निर्णय भएको हो। देशको प्रधानमन्त्री हुनसक्ने योग्यता र क्षमता वामदेव गौतमसँग छ। उहाँले पटक-पटक भनिरहनुभएको छ कि यदि म प्रधानमन्त्री भएँ भने दश वर्षमा नेपाललाई चीनको अवस्थामा ल्याउने छु। त्यसैले उहाँले प्रधानमन्त्री बन्ने आकांक्षा देखाउनुभएको छ। यसलाई सामान्यरूपमा नै लिनुपर्छ। उहाँ प्रधानमन्त्री हुने कि नहुने कुरा परिस्थितिले बताउँछ। वामदेव गौतमकै लागि संविधान संशोधन गर्ने कुरा बेठिक हो। त्यसैले एउटा व्यक्तिलाई देखाएर संविधान संशोधन गर्ने कुरा बेठिक तर समयको माग र आवश्यकता महसुस भयो भने संविधान संशोधन हुनसक्छ।

**० डा. युवराज खतिवडालाई जुन अपेक्षाका साथ अर्थमन्त्री बनाइएको थियो, त्यसमा कति सफल भएको मान्नुहुन्छ ?**

– डा.युवराज खतिवडाबाट जुन अपेक्षा गरिएको थियो, त्योअनुसारको प्रतिफल दिन सक्नुभएको छैन। कम्युनिष्ट पार्टीको सरकार बनेको दुई वर्ष पूरा भइसकेको छ, यो अवधिमा जनताले कम्युनिष्टको सरकार बनेको महसुस गर्न पाएनन्। युवराज खतिवडा अर्थशास्त्र पढ्नुभयो, थियोरोटिकल इकोनोमी बुझ्नुभो तर व्यावहारिकरूपमा गरीब जनताका कुरा सम्बोधन गर्न सक्ने क्षमता देखाउन सक्नुभएन। त्यसैले जुन उद्देश्यका साथ उहाँलाई ल्याइएको थियो त्यसमा उहाँ खरोरूपले उभिन सक्नुभएन। सिद्धान्तका कुरा मात्रै गर्ने, व्यवहार नबुझ्ने व्यक्तिलाई अर्थमन्त्रीमा पुनः निरन्तरता दिनुको कुनै आवश्यकता नै थिएन।

**० कम्युनिष्ट पार्टीको दुई तिहाइ नजिकको सरकारले जनअपेक्षाअनुसार किन काम गर्न सकिरहेको छैन त ?**

– विगतको तुलनामा यो सरकारले धेरै महत्वपूर्ण कामहरू गरेको छ। हामीबाट धेरै अपेक्षा गरिएको छ। जो नेतृत्वमा छन्, उसको आचरणमा सुधार हुन सकेको छैन। जस्तै, प्रधानमन्त्री एउटा गुटको मात्रै नेता जस्तो देखिनुभएको छ। त्यस्तै, मन्त्रीहरू पनि गुट चलाउनमै व्यस्त छन्, भ्रष्टाचार गर्ने, पैसा मात्र कमाउन लाग्ने जस्ता कुराहरूले गर्दा यस्तो बहुमतको सरकार हुँदा पनि जनताले अनुभूति गर्न पाएका छैनन्। यस्ता मनोविज्ञानलाई हामीले समयमै सुधार गर्न आवश्यक छ। कम्युनिष्ट आचरण र सिद्धान्तले के भन्छ, त्यो आचरण पूरा गर्नका लागि हाम्रो बानी व्यहोरा कस्तो हुनुपर्छ, सबै सुधार गर्न सक्यौं भने हामी ठिक ठाउँमा पुग्न सक्छौं। त्यसैले हाम्रा, मनोविज्ञान, दृष्टिकोण सफा नभएकोले अथवा हामीले आफूलाई कम्युनिष्ट विधारधाराअनुसार आचरण आत्मसात गर्न नसकेको कारणले थुप्रै काण्डहरू बाहिर आइरहेका छन्।

**० नेकपा-राजपाबीच आगामी दिनमा पनि सहकार्य हुने भनिएको थियो, यसमा के भइरहेको छ ?**

– हाम्रो लक्ष्य थियो नेपाली कांग्रेसलाई शून्य बनाउने, त्यसमा हामी सफल भयौं। त्यसपछि राजपालाई समेत सरकारमा सहभागी गराउने र सम्भावित विद्रोहलाई समाप्त गर्ने। अब हामी राजपालाई उपसभामुख र दुई/तीनटा मन्त्रालय दिएर सरकारमा ल्याउँछौं। त्यो हुने बित्तिकै यो सरकार केवल कम्युनिष्टको मात्रै होइन, कम्युनिष्ट बाहेकको पनि सरकार हो अथवा सबैको सरकार हो त्यो किसिमको हामीले सन्देश दिनुपर्छ। त्यसका लागि गत राष्ट्रियसभाको चुनावमा राजपासँग गठबन्धन भएको थियो। त्यसकारणले केवल सरकार बनाउने, चुनाव जित्ने, कांग्रेसलाई हराउने मात्र होइन लामो समयसम्म सबै राजनीतिक दलहरूलाई राष्ट्रको मूलधारमा समेट्ने अभियानका साथ चुनावी एकता भएको थियो। तर, राजनीतिमा स्थायी शत्रु पनि हुँदैन, स्थायी मित्र पनि हुँदैन।

**० भनेपछि राजपालाई पनि सरकारमा ल्याउने गृहकार्य हुँदैछ ?**

– राजपा सरकारमा आउँछ। उहाँहरूले उपसभामुख पनि पाउनुहुन्छ, सहमतिमा दुईटा मन्त्रालयको नेतृत्व गर्नुहुन्छ।

**० तर नेकपाले उपसभामुख कांग्रेसलाई दिने सुनिन्छ ?**

– हैन, कांग्रेसले उपसभामुख पाउँदैन। कांग्रेसले पनि दावी गर्न सक्छ तर चुनावी सहकार्य र सरकारमा सहभागी हुने कुरा राजपासँग भइरहेकोले उपसभामुख राजपाले पाउँछ। त्यसैले राजपालाई उपसभामुख र दुई/तीनटा मन्त्रालय दिएर सरकारमा ल्याइने गृहकार्य भइरहेको छ।

**० तर, सांसद रेशमलाल चौधरीको रिहाइ, राजबन्दीहरूको मुद्दा फिर्ता तथा रिहाइ र संविधान संशोधनको प्रक्रिया सुरू नभएसम्म राजपा सरकारमा जान्छ त ?**

– सांसद रेशमलाल चौधरीको विषय अदालतको कुरा हो। रेशमलाल चौधरीकै कारण टीकापुर घटना भयो कि भएन, यसमा अदालतले निर्णय गर्ने कुरा हो। तर यसभन्दा अगाडि पनि थुप्रै घटनाहरू भएका छन्, ती सबैलाई राजनीतिक रूपमा सम्बोधन गरिएको हो। त्यसबाट घटनामा संलग्न व्यक्तिहरू उन्मुक्ति पाएको इतिहास पनि छ। त्यसैले रेशमलाल चौधरीलाई राजनीतिकरूपमा सम्बोधन गर्न सकियो भने यसको निराकरण हुनसक्छ। रेशमलाल चौधरी मात्रै होइन, अनावश्यकरूपमा फसाइएका अन्य व्यक्तिहरूलाई पुनः विचार गरेर सरकार अगाडि जान सक्छ। सम्भवतः रेशमलाल चौधरीको बारेमा सरकार सकारात्मक छ। उहाँ छुट्न सक्नु हुन्छ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# विद्यमान निर्वाचन पद्धतिका कारण महिला तल्लो स्थानमा



सरिता गिरी

**३३% महिलालाई सरकारको कार्यकारी पदमा राख्नका लागि निर्वाचन पद्धतिमा पनि सुधारको आवश्यकता छ। एकातिर समानुपातिक समावेशी भन्ने तर निर्वाचन पद्धतिले महिलालाई तल्लो स्थानमा राख्ने गरेको देखिन्छ। भनेपछि समानुपातिक समावेशिता सिद्धान्तबाट आएका महिलाहरूलाई सरकारले नै कमजोर बनाइरहेको छ।**

११०औं अन्तर्राष्ट्रिय नारी दिवसको सन्दर्भमा हामीले महिला आन्दोलनलाई पछाडि फर्केर हेर्दा धेरै उपलब्धिहरू हासिल गरेको अनुभव हुन्छ। तर अहिले पनि हामी राजनीतिक संक्रमणकै अवस्थामा छौं। महिला आन्दोलन अहिलेसम्म पनि गाउँ-गाउँसम्मका महिलासम्म पुग्न सकेको छैन। कृषक र अनौपचारिक श्रमिक महिलासम्म यो आन्दोलन पुग्न सकेको छैन। यस्तै, नागरिकताको सवालमा पनि यो देशका महिलाहरू दुई खण्डमा विभाजित छन्। सम्पूर्ण महिलाहरू समान नागरिक हुन सकेका छैनन्। राष्ट्रवाद र जातिवादले यहाँको महिला आन्दोलन विभाजित बनाइदिएको छ। राजनीतिक क्षेत्रमा हामीले महत्वपूर्ण उपलब्धि हासिल गरेपनि महिलाहरूको जीवनस्तरमा सुधार ल्याउनका लागि धेरै कुराहरू गर्न बाँकी छ।

कानून संविधानको प्रस्तावनामा आयो। मौलिक हकअधिकार धेरै राम्रा र प्रगतिशील छ। तर कानून आफ्नो स्थानमा छ भने समाज आफ्नो स्थानमा। त्यो कानूनको चेनता अहिलेसम्म समाजमा पुगिसकेको छैन। ज्ञान र अनुभवको आधारमा चेतनाको विकास हुन्छ। सबभन्दा महत्वपूर्ण पक्ष भनेको कानूनको आधारमा चेतनाको विकास गर्ने हो। न्यायपालिका, प्रहरी, प्रशासनको अनुभवको आधारमा चेतना फैलाउन धेरै कामहरू गर्न बाँकी छन्। अहिले पनि महिलाविरूद्ध हुने हिंसामा कुनै पनि परिवर्तन आएको छैन। महिलाहरू घरेलु हिंसा, सार्वजनिकस्थलमा हुने हिंसा र राजनीतिकरूपमा पीडित छन्। कानूनको आधारमा सचेतना विस्तारका लागि सरकारले न्यायपालिकामा धेरै लगानी गर्नुपर्ने आवश्यकता छ। प्रहरी प्रशासनमा पनि महिला अधिकारीहरू कसरी स्वतन्त्र भएर काम गर्न सक्छन्, त्यसको बारेमा पनि सोच्नुपर्ने जरूरी छ।

लैंगिक समानताका विषयहरूमा जनचेतना फैलाउन सकिएको छैन। यसमा राज्य र जनप्रतिनिधिहरूको पनि कमजोरी छ। महिलाविरूद्ध गरिएको धेरै हिंसाहरूमा जनप्रतिनिधिहरूको नै सहभागिता रहेको देखिन्छ। समाज जहिले पनि परम्परागत र रूढिवादी छ। परम्परागत वा रूढिवादी समाजलाई परिवर्तन गर्नका निम्ति राज्यले वैकल्पिक संरचनाहरू निर्माण गर्नुपर्दछ। इच्छाशक्ति र उद्देश्य प्रष्ट नभइकन हामीले त्यति सजिलो लक्ष्य हासिल गर्न सक्दैनौं।

हाम्रो समाजवादी पार्टीले समानुपातिक समावेशिता, लैंगिक समावेशिता लगायतका मुद्दा उठाउँदै आएको छ। तर पनि प्रदेश २ को सरकारमा महिलासँग न्याय हुन सकेको छैन। किनभने महिला समावेशीकरणको समस्या पूरै राष्ट्रकै हो। यसको सुरूवात गर्नुपर्ने हो संघीय सरकारबाट। संघीय सरकारले पनि ३३% महिलालाई मन्त्रिपरिषद्मा समावेश गराएको छैन। संसदको समितिहरूमा त महिलालाई ल्याइयो तर कार्यकारी पदमा महिलाहरूको प्रतिनिधित्व छैन। यो समस्याबाट कुनै पनि प्रदेश सरकार अछुतो छैन। प्रदेश २ मा राजपा र समाजवादी पार्टी दुवैको संयुक्त सरकार हो। त्यसले यसको जिम्मेवारी दुवै दलले लिनुपर्छ। त्योभन्दा पनि हामी पहिला संघबाट सुरू गरौं, त्यसपछि प्रदेशमा पनि आउँछ। महिलालाई कार्यकारी पद किन नदिने ? शिक्षित महिलाहरू सांसद भएका छन्। यसमा प्रदेश सरकार पनि चुकेकै हो।

प्रदेश २ मा हाम्रै पार्टीको मुख्यमन्त्री भएपनि, समानुपातिक समावेशिता जुन मधेश आन्दोलनबाट आएको हो, यसमा मुख्यमन्त्रीले अग्रसरता लिएर सुनिश्चित गर्न सक्नुपर्छ। मुख्य समस्या हाम्रो निर्वाचन पद्धति नै हो। प्रत्यक्ष निर्वाचन पद्धतिबाट महिलाहरू निर्वाचित भएर आउन सकिरहेका छैनन्। प्रत्यक्ष निर्वाचित पुरूषहरूको के भनाइ छ भने हामी प्रत्यक्ष निर्वाचित भएका छौं, हाम्रो महत्व बढी हुनुपर्ने। यो कुरा संघमा पनि देखा परिरहेको छ र प्रदेशमा पनि। निर्वाचनमा धेरै पैसा खर्च गर्ने, निर्वाचन जितेर आएपछि त्यो पैसा उठाउन सक्नुपऱ्यो। यो एउटा भ्रष्टाचारको विषयवस्तु पनि बनेको छ। त्यसैले, ३३% महिलालाई सरकारको कार्यकारी पदमा राख्नका लागि निर्वाचन पद्धतिमा पनि सुधारको आवश्यकता छ। एकातिर समानुपातिक समावेशी भन्ने तर निर्वाचन पद्धतिले महिलालाई तल्लो स्थानमा राख्ने गरेको देखिन्छ। भनेपछि समानुपातिक समावेशिता सिद्धान्तबाट आएका महिलाहरूलाई सरकारले नै कमजोर बनाइरहेको छ। त्यसले देखाउनका लागि मात्रै महिलाको प्रतिनिधित्व गराएर हुँदैन।

हाम्रो बटमलाइन के हो भने अन्तरिम संविधानमा नागरिकताको सम्बन्धमा जुन कानूनी व्यवस्था गरिएको छ, त्यसलाई नेपालको संविधान २०७२ को धारणा बनाइयोस्। राष्ट्रियताको कुरामा पहाडी मूलले मात्र नेपालको राष्ट्रवाद वा राष्ट्रियताको प्रतिनिधित्व गर्ने र फरक समुदायका महिला (मधेशी, थारू, मुस्लिम, आदिवासी)ले नेपाली राष्ट्रियताको प्रतीक हुन नसक्ने मानसिकता छ। पञ्चायतकालमा नागरिकताको जुन प्रावधान थियो अहिलेको संविधानले त्यहीं परम्परालाई पुनर्जीवित गरेको छ। पुनर्जीवित गरेर मानसिक र भावनात्मकरूपमा देश विभाजनको अवस्थामा छ। यो विभाजनको अवस्थालाई पुर्नका लागि अन्तरिम संविधानमा भएको नागरिकताको व्यवस्थालाई नल्याइकन हुनै सक्दैन। अन्तरिम संविधानमा पनि हामीले महिलाको नागरिकताको व्यवस्था त्यतिकै आएको होइन, दुई दशकभन्दा लामो समयको संघर्षको आधारमा आएको हो। बच्चा जन्माउने आमा तर बाउको नाममा नागरिकता हुनुपर्ने गलत हो। त्यसले गर्दा महिलाहरू सिडियो र प्रशासनको अगाडि बेइज्जत हुनुपरेको छ।

विश्वका अधिकांश प्रगतिशील देशहरूमा आमाको नाममा नागरिकता दिने व्यवस्था गरिएका छन्। नेपाल आफूलाई अत्यन्त प्रगतिशील भन्ने तर महिलाको सवालमा प्रतिगामी भएर प्रस्तत भएको छ। यसको विषयमा अब हामी आन्दोलनमा पनि जाने तयारी गरिरहेका छौं। किनभने नेपाल सरकारले महिला हिंसाविरूद्धको जुन महासन्धिमा हस्ताक्षर गरेको छ, त्यसको प्रतिकूल गएर नेपाल सरकारले संवैधानिक कानून बनाउन सक्दैन।

*समाजवादी पार्टीकी संसदीय दलका उपनेता गिरीसँग गरिएको कुराकानीमा आधारित*

# संघीय सरकारविरूद्ध प्रदेश २ अदालत जाने

जनकपुरधाम। अधिकार प्राप्तिको विषयमा संघीय सरकारसँग संघर्ष गर्दै आएको प्रदेश नं. २ को सरकार पुन: एक पटक संघीय सरकारविरूद्ध अदालत जाने निर्णय गरेको छ। संघीय सरकारले केही दिनअघि मात्र वीरगंज चिनी कारखानाको स्वामित्वमा रहेको जग्गामध्ये ६ विग्घा बिक्री गर्ने गरेको निर्णय विरूद्ध प्रदेश सरकार अदालत जाने निर्णय गरेको हो।




मन्त्रिपरिषद्को शुक्रबार सम्पन्न बैठकले संघीय सरकारविरूद्ध अदालत जाने निर्णयसँगै सार्वजनिक जग्गा प्रदेश मातहत हस्तान्तरणका लागि संघीय सरकारलाई आग्रह गर्ने निर्णय समेत गरेको छ। संविधानले सार्वजनिक जग्गा प्रदेश मातहत हुने ग्यारेन्टी गरे पनि जग्गा हस्तान्तरणमा संघीय सरकार चाँसो नलिएपछि प्रदेश सरकारले मन्त्रिपरिषद्बाटै निर्णय गरेर जग्गा प्राप्तिको पहल थालेको छ।

यसैगरी, प्रदेश सरकार कृषिसँग सम्बन्धित महत्वपूर्ण कार्यालयहरू संघ सरकार आफ्नै मातहत राखेकोमा उक्त कार्यालयहरूसमेत हस्तारणका लागी पहल गर्ने निर्णय गरेको छ।

संघ सरकार मत्स्य विकास केन्द्र, नक्टाझिज कृषि फर्म, नवलपुर कृषि फर्म जस्ता महत्वपूर्ण कार्यालयहरू अझै पनि आफ्नै मातहतमा राखेको छ। यसैबीच प्रदेश सरकारले निर्माण गर्न लागेको एकीकृत नमूना बस्ती निर्माण गर्ने जिम्मा नेपाली सेनालाई दिने र सोको लागि एमओयु गर्ने निर्णय समेत गरेको छ।

प्रदेश सरकारको महत्वकाँक्षी योजना कक्षा १ देखि ८ सम्मको अतिविपन्न दलित तथा मुस्लिम छात्राहरूलाई उपलब्ध गराउने भनिएको मासिक ५ सय रूपैयाँ सम्बन्धि निर्देशिका समेत पारित गरेको छ।

त्यसैगरी, रौतटहको गौरस्थित ऐतिहासिक राइस मिलको जग्गाको स्वामित्व प्रदेश सरकारमा हस्तान्तरण गराउने प्रक्रिया थालनीका लागि आन्तरिक मामिला तथा कानूनमन्त्री ज्ञानेन्द्र कुमार यादवको नेतृत्वमा एक सदस्यीय कार्यदल समेत गठन गरेको छ।


**बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय पठाऔं, शिक्षा दिएर असल नागरिक बनाऔं, चर्पीमा मात्र दिसापिसाब गराऔं, गाउँघरलाई सफा र स्वच्छ राखौं।**

**मटिहानी नगरपालिका**

**महोत्तरी**


## मधेश अपडेट

### पत्रकार वीरेन्द्र साहका हत्यारा पक्राउ

बारा। इनर्वासिरा गाविस वडा नम्बर ८ बस्ने पत्रकार वीरेन्द्र साहको अपहरण तथा हत्यामा संलग्न रही फरार रहेका मुख्य अभियुक्तलाई प्रहरीले पक्राउ गरेको छ। बारागढी गाउँपालिका- ६ गडहल टोल बस्ने कुन्दन भन्ने ५१ वर्षीय नरेन्द्र कुमार फौजदारलाई आइतबार बिहान प्रहरीले पक्राउ गरेको हो। २०६४ असोज १८ गते बिरेन्द्र साहको अपहरण गरी गोली हानी हत्या गरेको घटनाका मुख्य अभियुक्त फौजदारलाई जिल्ला प्रहरी कार्यालय बारा तथा मातहत समेतबाट खटिएको प्रहरी टोलीले आफ्नै घरमा लुकिछिपि बसेको अवस्थामा फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### विराटराजाको दरबारमा होली मिलन

विराटनगर। प्रदेश नं. १ को राजधानी विराटनगरको पौरानिक स्थल विराटराजाको दरबारमा संस्कृति संरक्षणका लागि होली मिलन तथा संस्कृति कार्यक्रम भव्यताका साथ सम्पन्न भएको छ। महाभारत कालिन विराटराजाको दरबार विराटनगर महानगरपालिका वडा नं. १८ को भेडियारीमा संरक्षणको परखाईमा रहेको सो स्थानलाई प्रचार प्रसार गर्नका लागि प्रदेश नं. १ का प्रदेश सभा सदस्य जयराम यादवको प्रमुख आतिथ्यमा भएको सो कार्यक्रममा पौरानिक होरी गाउंने प्रचलनमा रहेको जोगिरा प्रदर्शन गरिएको थियो। सोही अवसरमा प्रमुख अतिथी यादवले भने होरीमा जोगिरा गाउने प्रचलन पौरानिकका साथै सांस्कृति र मेलमिलापको पर्वभएकोले वर्षभरिमा भएको तितो मिठोलाई विर्सेर होली पर्व भव्य र सभ्य तरिकाले मनाउन आग्रह गर्दै जोगिराको संरक्षण गर्नका लागि संस्थागत भएर अगाडी वढे सहयोग गर्न तयार रहेको वताए। जागिरा प्रर्दशन गर्ने टालीहरू विराट राजा दरवार जोगिरा टोली संयोजक विरेन्द्र यादव, भेडियारी वीच टोल जोगिरा टोली संयोजक महानन्द यादव, भेडियारी पश्चिम जोगिरा टोली संयोजक विजय मण्डल, भेडियारी पुर्वी टाल जागिरा टोली संयोजक छेदी यादव र राजा विराट दरवार दमाडिही पोखरी टोल जोगिरा टोली संयोजक प्राणचन्द मण्डललाई आयोजक संस्था भिलेज नेपालले प्रमाण पत्र र गम्छा ओढाएर सम्मान गरेका थिए।

### विद्यार्थीद्वारा कोरोना सम्बन्धी सचेतना कार्यक्रम

कपिलवस्तु। सेण्टजोसेफ ईबो माविका विद्यार्थीहरूले करिब १६ किलोमिटर परिक्रमा गरेर विश्वमा महामारीको रूपमा देखिएको कोरोना भाईसर सम्बन्धी सचेतना कार्यक्रम गरेका छन्। सेण्टजोसेफ स्टुडेण्ट क्लब रसेण्ट जोसेफ रेडक्रस सोसाईटीको आयोजनामा सेण्टजोसेफ स्टुडेण्ट क्लबकासंयोजक सुमन दगामीको संयोजकत्वमा शिक्षकहरू भिम राना, छत्रदीप यादव सहयोगमा कोरोना सम्बन्धी सचेतना कार्यक्रम सम्पन्न गरेको विद्यालयका सह-प्रचार्य कमल पोखरेलले जानकारी गराए। पोखरेलका अनुसार उक्त सचेतना कार्यक्रम व्यानर सहित स्कुलबाट सुरूगरी भलवारी चोक हुँदै पत्थरडाँडा, मधवलिया, कोटिहवा, वभनी, सुपौली, टिकुलीगढ, बनकट्टी, खैरिया, करौजिया हुँदै पुन स्कुल सम्मको १६ किलोमिटर यात्रा गरेर गरिएको थियो। फैलिदो महामारीलाई रोक्नु हामी सबैको कर्तव्य हो भन्दै विद्यार्थीहरूले कोरोना भाईरस लाग्नुका कारण, देखिने लक्षण र रोकथामका लागि अपनाउनु पर्ने विधीको बारेमा लेखिएका पर्चाहरू बाँडेर स्थानियमा चेतनाको विकास गर्न भूमिका खेलेका थिए।

### बसपार्क निर्माण अन्तिम चरणमा

कैलाली। कैलालीको टीकापुरमा निर्माणाधीन व्यवस्थित बसपार्क निर्माणको काम ९० प्रतिशत सकिएको छ। नेपाल सरकारको सघन शहरी विकास कार्यक्रमअन्तर्गत निर्माण भइरहेको बसपार्कको अहिलेसम्म ९० प्रतिशत काम सम्पन्न भइसकेको निर्माण कम्पनीले जानकारी दिएको छ। बसपार्क निर्माणका लागि १८ महिनाभित्र काम सक्ने गरी वि.सं २०७५ माघ २ गते राजेन्द्र रोयल जेभी धनगढीले ठेक्का लिई निर्माण शुरू गरेको हो। विसं २०७७ साउन ४ गतेभित्र काम सक्ने गरी ठेक्का सम्झौता भए पनि त्यसअगाडि नै काम सम्पन्न गर्ने लक्ष्य लिएर काम भइरहेको निर्माण कम्पनीका इञ्जिनीयर झङ्कर थापाले बताए। बसपार्कमा एकतलाको टर्मिनल भवन निर्माण भएको छ। त्यसमा टिकट काउन्टर, रेष्टुरेन्ट, महिला पुरूषका लागि छुट्टाछुट्टै शौचालय निर्माण भएको छ।

### विमानस्थलमा हेल्थ डेस्क स्थापना

विराटनगर। विश्वभर फैलिरहेको कोरोना भाइरस नेपालमा नछिरोस् भन्ने उद्देश्यले सीमा नाकामा र विमानस्थलहरूमा सतर्कता बढाइएको छ। कोभिड-१९ विरूद्ध सतर्कताका लागि विराटनगर विमानस्थलमा हेल्थ डेस्क स्थापना गरिएको छ। प्रदेश १ को समाजिक विकास मन्त्रालय र विराटनगर महानगरपालिकाले स्थापना गरेको हेल्थ डेस्कमा ६ जना स्वास्थ्यकर्मी परिचालन गरिएको छ। प्रदेश स्वास्थ्य निर्देशक चन्द्रदेव मेहताले यात्रुको स्वास्थ्य जाँच्न डेस्कमा तीन-तीन जनाको दुईटा टोली बनाइएको बताए।

### सहायता कक्ष स्थापना

इमरान खान, कपिलवस्तु। जिल्लाको कृष्णनगरमा सशस्त्र प्रहरी बल नेपाल नं. ३९ गुल्म हे.क्वा. (रा.तथा भ.ग.सु.) कपिलवस्तुबाट विशेषगरी भारतबाट नेपालतर्फ आउने तथा स्थानीय बजारबाट आवतजावत गर्ने सर्वसाधारण जनताहरूको लागि कोभिड-१९ (नोभल कोरना भाइरस) बारे जानकारी गराउन र त्यसबाट बच्ने उपायबारे जानकारी गराउने उद्देश्यले सहायता कक्ष स्थापना गरिएको छ। कृष्णनगर नगरपालिका वडा नं. २ स्थित लिङ्कगेट र यात्रु गेट सीमा नाकामा सहायता कक्षको स्थापना साथै जनचेतनाको लागि कोभिड-१९ सँग सम्बन्धि व्यानर सहित टाँस गरी कार्य संचालन गरेको छ। उक्त सहायता कक्षमा नगरपालिकाबाट तालिम प्राप्त स्वास्थ्यकर्मी परिचालन गरी चेकजाँच गर्ने गरिएको र कुनै पनि शंका देखिएको अवस्थामा समेत शिवराज अस्पताल बहादुरगंजमा पठाइने गरेको जानकारी स.प्र.ना.उ. सुशिल कुमार शाहीले जानकारी दिए।

### सिमरा विमानस्थलमा कोरोनाको परीक्षण सुरू

बारा। कोरोना भाइरस (कोभिड-१९)बाट सतर्कता अपनाउँदै सिमरा विमानस्थलमा यात्रुको स्वास्थ्य परीक्षण सुरू गरिएको छ। दैनिक औसत सातवटा उडान तथा अवतरण हुने सिमरा विमानस्थलमा बुद्ध एयरले यात्रुहरूको सामान्य स्वास्थ्य परीक्षण गराएर मात्रै विमानमा यात्रा गराउन थालेको हो। कोरोना संक्रमणलाई मध्यनजर गर्दै विमानस्थल भित्रिने यात्रुहरूलाई थर्म स्क्यानरमार्फत शरीरको तापक्रम जाँच गराएर मात्रै प्रवेश दिइने बुद्ध एयरले जनाएको छ। कुनै एक यात्रुमा संक्रमण भए सँगै विमानमा यात्रा गर्ने अरूलाई पनि सर्न सक्ने भन्दै विमान प्रवेशअगावै सावधानी अपनाइएको छ। जाँचका क्रममा कुनै व्यक्तिमा औसतभन्दा बढी तापक्रम देखिए यात्रुले यात्रा गर्न पाउने छैन। त्यसैगरी यात्रुहरूलाई कोरोना संक्रमणबारे जानकारी दिने उद्देश्यले जीतपुर सिमरा उपमहानगरपालिकासँगको सहकार्यमा विमानस्थलमा हेल्प डेस्कको समेत व्यवस्था गरिएको छ।

### होली मनाउने क्रममा विवादमा ४ घाइते

वीरगञ्ज। पर्सामा होली मनाउने क्रममा विवाद हुँदा चार जना घाइते भएका छन्। पर्सा जिल्लाको पोखरिया नगरपालिका-४ पोखरियामा दुई पक्षबीच भएको झडपमा चार जना घाइते भएका छन्। झडपमा परी घाइते हुनेमा राजेश चौहान, कमलेश राउत कमकर, गायत्रीदेवी कमकर र अस्मितादेवी रहेका छन्। इलाका प्रहरी कार्यालय पोखरियाका प्रहरी निरीक्षक चन्द्रकुमार सिंहका अनुसार, होली मनाउने क्रममा बाजउने बाजा (डिजे) गाउँमा घुमाएर बजाउने क्रममा विवाद भई दुई पक्षबीच झडप भएको थियो। उक्त झडपमा चार जना घाइते भएका थिए जसमध्ये एकको अवस्था गम्भीर रहेको छ।

### आशावादी हुन मुख्यमन्त्रीको आग्रह

रूपन्देही। प्रदेश ५ का मुख्यमन्त्री शङ्कर पोखरेलले युवा वर्गलाई आशावादी हुन आग्रह गरेका छन्। आशावादी भए भविष्य उज्यालो हुने र निराशावादी भए भविष्य अन्धकार हुने मुख्यमन्त्री पोखरेलले तर्क गरे। जुन हिसाबले समाज बदल्नुपर्ने त्यो अनुसार बदल्न नसकेको भन्दै उनले आशावादी हुन आग्रह गरेका हुन्। प्रदेश ५ सामाजिक विकास मन्त्रालयको आयोजना तथा जिल्ला युवा समिति रूपन्देहीको समन्वयमा बुधबार भैरहवामा भएको 'मुख्यमन्त्रीसँग युवा नामक' कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन्।

# मिथिला परिक्रमा : एक परिचय



ललित कुमार यादव

मिथिलाको माध्यमिकी परिक्रमा सम्भवत विश्वमा सबैभन्दा लामो समयसम्म चल्ने धार्मिक यात्रा रहेको छ। मिथिलाको राजधानी एवम् धार्मिक र सांस्कृतकि भूमी लगायत विभिन्न नामले परिचित जनकपुरको वरिपरी पैदल यात्रा गरी परिक्रमा यात्रा सम्पन्न गरिन्छ। यस यात्रामा जम्मा १३३ किलोमिटर दुरी तय गरिन्छ। जसमा १०७ कि.मी. नेपाल तर्फ र २६ कि.मी. भारत तर्फ पर्दछ। ऐतिहासिक, पौराणिक एंवम् धार्मिक यात्राको रूपमा परिचित माध्यमिकी परिक्रमालाई चौरासी कोषिय परिक्रमाको नामले समेत परिचित रहेको छ। परिक्रमालाइ मिथिलाको महा–कुम्भको रूपमा समेत लिने गरिन्छ।

प्रत्येक बर्ष भगवान् राम र सिताको सम्झनामा परिक्रमा यात्रा गर्ने चलन मिथिलामा रहेको छ। जानकारहरूको अनुसार ३०० बर्ष अगाडी अर्थात १८ औं शताब्दीदेखि यो धार्मिक यात्रालाई माध्यमिकी परिक्रममाको रूपमा मनाउँदै आएको हो। बृहत, माध्यमिकी र अन्तगृही गरी तिन प्रकारको परिक्रमा मनाउने चलन रहेको छ। यस लेखमा बृहत परिक्रमाको बारेमा उल्लेख नगरिए पनि चलनका विषयमा उल्लेख गरिएको छ। परिक्रमामा नेपाल भारत दुबै तर्फका साधु सन्त र गृहस्थहरूको उल्लेख्य सहभागिता रहने गदर्छ। परिक्रमालाई नेपाल भारतको सद्भावपूर्ण धार्मिक यात्राको रूपमा समेत हेर्ने गरिन्छ।

फागुन औंसीमा हनुमाननगरमा विश्राम गरि प्रारम्भ भई फागुन पुर्णिमामा जनकपुर अन्तगृह परिक्रमा घुमी माध्यमिकी परिक्रमाको समापन हुने गर्छ। परिक्रमा अबधीमा १५ धार्मिक स्थलमा विश्राम गर्दै १५ दिन सम्म पैदल यात्रा गर्ने गरिन्छ। १५ विश्राम स्थल मध्ये ११ नेपाल र ४ भारतमा रहेको छ। सबै विश्राम स्थल विशेष धार्मिक महत्व बोकेको स्थलहरू रहेको छ। यी स्थलहरूको महत्व राम-सीता विवाहसँगै राजा जनकसँग विशेष सम्बन्ध रहेको मान्यता रहेको छ। यी स्थलहरूमा राम सिता विवाहको विभिन्न विधि सम्पन्न गरिएको मान्यता रहेको छ। यी स्थलहरू पौराणिक राज्य मिथिलाको राजधानी जनकपुरको सिमानामा रहेको साथै राजा जनकले भगवान शिवको पुजा गर्ने स्थलहरू समेत रहेको मान्यता रहेको छ।

जनकपुरबाट ३ कि.मी.को दुरीमा रहेको ठेरा कचुरी स्थित मिथिला बिहारी कुटीबाट निस्केको मिथिला बिहारी (राम जानकी ) को डोलाको नेतृत्वमा विभिन्न झाँकी र किर्तन सहित परिक्रमा यात्रा प्रारम्भ हुने चलन रहेको छ। परिक्रमामा जनकपुर स्थित अग्निकुण्डबाट निस्केको जानकीजीको डोला लगायत विभिन्न डोलाहरूको सहभागिता रहने गर्छ। परिक्रमा अबधीभर सहभागीहरूले भजन किर्तन सहित विभिन्न झाँखीमा रमाउने गर्छन्।




पहिलो दिनको विश्राम स्थल जनकपुरको हनुमाननगर रहेको मिथिला परिक्रमाको दोस्रो दिनको विश्राम स्थल भारतको कलानेश्वर रहेको छ। कलानेश्वरमा शिव मन्दिर रहेको र यहाँ राजा जनक पुजा गर्न आउने गर्दथ्ये। तेस्रो दिनको विश्राम स्थल भारतकै फुलहरको गिरिजास्था रहेको छ। गिरिजास्थानमै राम र सीताको पहिलो भेट भएको थियो। यहाँ सीता फुल टिप्न आउने गर्थिन्।

दोस्रो र तेस्रो दिनको भारत विश्रामपछि परिक्रमा यात्रा नेपालको महोत्तरी प्रवेश गर्छ। चौथो दिनको विश्राम स्थल महोत्तरीको मटिहानीमा रहेको छ। मटिहानीमा सिताको मटकोर भएको थियो। मटकोर मिथिलामा विबाहको क्रममा गरिने एक विधी हो। पाँचौ दिनको विश्राम स्थल महोत्तरीको जलेश्वर रहेको छ। यो महोत्तरीको सदरमुकाममा रहेको र यहाँ बहुचर्चित जलेश्वरनाथको मन्दिर रहेको छ। छैठौ दिनको विश्राम स्थल महोत्तरीको मडई रहेको छ। मडईमा विवाह उत्सव भएको मान्यता रहेको छ। सातौ र आठौ दिनको विश्राम स्थल पनि क्रमश: महोत्तरीकै ध्रुवकुण्ड र कंचनवन रहेको छ। कंचनवनमा राम र सीताले होली खेलेको विश्वास रहेको छ। परिक्रमा यात्राको क्रममा सहभागीहरूले कंचनवन पुगी होली खेले सँगै मिथिलामा होली शुरू भएको मानिन्छ।

चौथो देखि आठौ दिनसम्मको लगातार ५ दिनको महोत्तरी विश्रामपछि परिक्रमा यात्रा नेपालको धनुषा जिल्ला प्रवेश गर्छ। नबौ दिनको विश्राम स्थल धनुषाको पर्वता रहेको छ। क्षिरेश्वरनाथको दर्शन गर्दै बास बस्न पर्वता पुग्ने गर्दछ। दशौं दिनको विश्राम स्थल धनुषाको धनुषाधाम रहेको छ। सीता स्वंयवरको क्रममा रामले भाँचेको धनुषको अवशेष धनुषाधाममा रहेको छ। एघारौ दिनको विश्राम स्थल धनुषको सतोषर रहेको छ। यहाँ सतोश्वर महादेवको मन्दिर रहेको छ। बाह्रौ दिनको विश्राम स्थल धनुषाकै औरही रहेको छ।

नवौ दिनदेखि बाह्रौ दिनसम्मको धनुषा विश्रामपछि पुन: परिक्रमा यात्रा भारत प्रवेश गर्छ। तेह्रौ दिनको विश्राम स्थल भारतको करूणा रहेको छ। करूणामा राजा जनक करूणा महासागरमा डुबेको मान्यता रहेको छ। चौधौ दिनको विश्राम स्थल बिसौल रहेको छ। बिसौलमा परिक्रमा यात्रीहरूले करही बरी खाने चलन रहेको छ। पन्ध्रौ दिनमा पुन: कलानेश्वर हुँदै जनकपुर आइ जनकपुरमा बास बस्ने गर्छ। भोली पल्ट पुर्णिमाको दिन जनकपुर अन्तर्गृह परिक्रमा पश्चात परिक्रमा यात्रा समापन हुन्छ।

माध्यमिकी परिक्रमामा सहभागीहरू अन्तर्गृह परिक्रमामा सहभागी हुनैपर्ने हुन्छ। साथै माध्यमिकी परिक्रमामा सहभागी हुन नसकेकाहरू पनि जनकपुर अन्तर्गृह परिक्रमामा सहभागी हुने गर्छन्। अन्तर्गृह परिक्रमामा सहभागी हुन समेत उल्लेख्य मात्रामा सहभागीहरू आउने गर्छ। जनकपुर अन्तर्गृह परिक्रमा जनकपुर वरिपरी १५ किलोमिटरको दुरी तय गर्ने यात्रा रहेको छ। यसलाई पन्चकोषीय परिक्रमा पनि भन्ने गरिन्छ। अन्तर्गृह परिक्रमा समापन भएको भोली पल्ट अर्थात पुर्णिमाको भोलिपल्ट होली मनाउने चलन रहेको छ तराईमा।

परिक्रमामा सहभागीहरूको सहयताको लागि विभिन्न संघ संस्था र स्थानीय बासिन्दाले नि:शूल्क स्वास्थ शिविर, खानेपानी र भोजनको व्यवस्था समेत गर्ने गरेका छन्। विश्राम स्थलहरूमा यात्रीहरूको लागि विभिन्न सामाग्रीहरूको व्यवस्था गर्ने र स्वागत गर्न स्थानीय बासिन्दाको सक्रीय सहभागीता रहने गरेको छ। परिक्रमामा सहभागीहरू दिउँसो एक विश्राम स्थलबाट अर्को विश्राम स्थलमा जाने, बास बस्न बास स्थानको व्यवस्था गर्ने , अस्थायी टहरा बनाउने र सञ्चान हुने विभिन्न धार्मिक र सांस्कृतिक गतिविधीमा सहभागी हुने गदर्छन्। त्यस्तै रातको समयमा भजन किर्तन लगायतको कार्यक्रममा सहभागी हुने र आराम गर्ने गर्छन्।

# भारतीय रक्षामन्त्री सिंह नेपाल आउने



काठमाडौं। उपप्रधानमन्त्री तथा रक्षामन्त्री ईश्वर पोखरेलको निमन्त्रणामा भारतका रक्षामन्त्री राजनाथ सिंहले छिटै नेपाल भ्रमण गर्ने भएका छन्। रक्षामन्त्री पोखरेललाई उनको कार्यकक्षमा नेपालका लागि नवनियुक्त भारतीय राजदूत विनयमोहन क्वात्राले शिष्टाचार भेट गरी सो जानकारी दिएका हुन्।

भेटवार्ताको क्रममा उपप्रधानमन्त्री पोखरेलले आफूले गत हप्ता भारतका रक्षामन्त्री सिंहलाई नेपाल भ्रमणको निम्ता पठाएको स्मरण गर्दै भारतका रक्षामन्त्रीबाट नेपालको भ्रमण हुने विश्वास व्यक्त गरेका हुन्। भारतका रक्षामन्त्रीलाई नेपाल भ्रमणको लागि पठाइएको निमन्त्रणाका लागि कृतज्ञता व्यक्त गर्दै राजदूत क्वात्राले भारतका रक्षामन्त्रीबाट यथाशीघ्र नेपाल भ्रमण हुने व्यवस्था मिलाउन आफूले आवश्यक पहल गर्ने जनाउनुभएको रक्षा मन्त्रालयका प्रवक्ता सन्तबहादुर सुनारले जानकारी दिए।

भेटको प्रारम्भमा उपप्रधानमन्त्री पोखरेलले नेपाल र भारतबीचको सदियौं पुरानो मैत्रीपूर्ण सम्बन्ध थप प्रगाढ बन्ने विश्वास व्यक्त गर्दै दुई देशबीच सांस्कृतिक, भौगोलिक, ऐतिहासिक र जनस्तरमा समेत अन्योन्याश्रित सम्बन्ध रहेको बताए। उनले दुई मुलुकबीच रहेको बहुआयमिक सम्बन्धलाई समयको परिवर्तनसँगै थप परिमार्जन गरी सुदृढ बनाउँदै जानुपर्ने खाँचो रहेकामा जोड दिए।

नेपाल र भारतका सेनाबीच अत्यन्त असल र सहयोगात्मक सम्बन्ध रहेको उल्लेख गर्दै उपप्रधानमन्त्री तथा रक्षामन्त्रीले नेपालको आर्थिक-सामाजिक विकासमा भारत सरकारले पुऱ्याउँदै आएको सहयोगका लागि आभार व्यक्त गरे। राजदूत क्वात्राले नेपाल भारतबीचको सम्बन्ध सरकार-सरकारबीचमा मात्र नभएर जनस्तरसम्म समेत अत्यन्त सुदृढ रहेको उल्लेख गर्दै आफ्नो कार्यकालमा दुई देशबीचको सुमधुर, मैत्रीपूर्ण र पारस्परिक सहयोगात्मक सम्बन्धलाई थप प्रगाढ बनाउन सक्दो पहल गर्ने बताए।

# नेपाली सेनाबारे सञ्चारकर्मीलाई जानकारीमूलक अभिमुखीकरण



काठमाडौं। जनसम्पर्क तथा सूचना निर्देशनालयको आयोजनामा आइतबारदेखि जंगी अड्डामा सञ्चालन भएको रक्षा संवाददाता अभिमुखिकरण कार्यक्रम शुक्रबार सम्पन्न भएको छ। जनसम्पर्क तथा सूचना निर्देशनालयका निर्देशक सहायक रथी विज्ञान देव पाण्डेले एक कार्यक्रमबीच सो ६ दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न गरेका छन्। नेपाली सेना सम्बन्धी जानकारीमूलक कक्षा संचालन गरी आधारभूत ज्ञान दिलाउने उद्देश्यका साथ सञ्चासलन भएको उक्त कार्यक्रममा काठमाडौं उपत्यकामा रहेका विभिन्न मिडिया हाउसमा कार्यरत २२ जना रक्षा संवाददाताहरूको सहभागिता रहेको थियो। ६ दिने उक्त कार्यक्रममा नेपाली सेनाको सांगठनिक संरचना तथा विभिन्न विभागहरूको जिम्मेवारी, विविध गतिविधिहरू, अन्तरक्रिया लगायत नेपाली सेनाको विभिन्नि युनिटहरूको स्थलगत भ्रमण समावेश गरिएको थियो।

नेपाली सेनाले प्रत्येक वर्ष केन्द्रिय तथा सबै पृतना स्तरमा सञ्चारकर्मीहरूलाई समावेश गरी रक्षा संवाददाता अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। यस प्रकारको कार्यक्रमले रक्षा संवाददाताहरूलाई नेपाली सेना सम्बन्धी समाचार संकलन तथा सम्प्रेषणमा थप सहज तथा स्पष्टता प्रदान गर्ने विश्वास नेपाली सेनाले लिएको छ।

## संक्षिप्त समाचार

### सर्पदंश उपचार केन्द्र सञ्चालन

रूपन्देही। रूपन्देहीको सैनामैना नगरपालिकाको सालझण्डीमा सर्पदंश उपचार केन्द्र सञ्चालनमा आएको छ। नगरपालिकाको वडा नं ११ पीपलडाँडास्थित करिब १४ कट्ठा जग्गामा एक करोड ११ लाख रूपैयाँ लागतमा उपचार केन्द्र सञ्चालनमा आएको हो। नगरपालिका मातहतमा सञ्चालन हुने केन्द्रमा सर्पदंशका बिरामीको उपचार गर्न नेपाली सेनाको सहकार्यमा एक जना र संघीय स्वास्थ्य मन्त्रालयबाट एकजना गरी दुईजना विशेषज्ञ चिकित्सक रहने छन्। केन्द्रको भवनको माथिल्लो तलामा सर्पदंश उपचार केन्द्र र तल्लो तलामा स्वास्थ्य चौकी रहने सैनामैना नगरपालिका वडा नं. ११ का अध्यक्ष सुनिल मरासिनीले बताए।

### महिला हिंसाका घटना बढ्दो

नेपालगन्ज। नेपालका हरेक ठाउँमा महिला हिंसाका घटनाहरू हुने गरेका छन् त्यसमा पनि सबैभन्दा बढी महिला हिंसाका घटना प्रदेश नम्बर ५ मा हुने गरेको पाइएको छ। अनौपचारिक क्षेत्र केन्द्र इन्सेकले सार्वजनिक गरेको प्रतिवेदनमा सो तथ्य उल्लेख छ। सन् २०१८ मा समेत सबैभन्दा बढी महिला हिंसाका घटना प्रदेश ५ मा सन् २०१९ मा पनि देशभरिमै सबैभन्दा बढी महिला हिंसका घटना भएको तथ्यांक सार्वजनिक भएको छ। सन् २०१९ मा प्रदेश नम्बर ५ का १२ जिल्लामा ९८६ जना महिला विभिन्न प्रकारका हिंसाबाट पीडित भएको तथ्यांक संकलन गरिएको इन्सेक प्रदेश नम्बर ५ का संयोजक भोला महतले बताए। उनले सन् २०१८ मा सबैभन्दा बढी ७३६ वटा महिला हिंसाका घटना यसै प्रदेशमा भएको बताए।

### साहित्यकारका सालिक थपिए

कपिववस्तु। साहित्य तीर्थका रूपमा चिनिँदै आएको कपिलवस्तुको कपिलधाममा दुई स्रष्टाका सालिक थपिएका छन्। साहित्य, कला र संस्कृति क्षेत्रमा योगदान गरेका १०१ स्रष्टाका सालिक निर्माण गरिने लक्ष्य रहेको उक्त स्थानमा वरिष्ठ कवि तथा नाटकरकार बासु शशि र साहित्यकार प्रा.डा कुमारबहादुर जोशीका सालिक थपिएको छ। हालसम्म १२ जना स्रष्टाको सालिक त्यहाँ राखिएको छ। वासु शशि स्मृति परिषद्को आयोजनामा सम्पन्न भएको कार्यक्रममा नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति रमेश ढकालले वासु शशि र बाग्मती प्रदेशका सभासद नरोत्तम वैद्यले प्रा.डा कुमारबहादुर जोशीको सालिक अनावरण गरे।

### ड्युनाको सालिक शिलान्यास

धनगढी। नेपाल रेडक्रम कैलाली शाखाको प्राङ्गणमा रेडक्रसका संस्थापक जाँ हेनरी ड्युनाको सालिक शिलान्यास गरिएको छ। सोमबार एक कार्यक्रमका बीच सुदुरपश्चिम प्रदेशसभाका सभामुख अर्जुबहादर थापाले सालिकको शिलान्यास गरे। सालिक शिलान्यास गरी रेडक्रस केलालीको स्वर्ण जयन्तीको पनि उद्घाटन गरिएको छ। सो अवसरमा सभामुख थापाले रेडक्रका संस्थापक जाँ हेनरी ड्युना, एसियाका ज्योति गौतम बुद्धलगायतका व्यक्तिहरूले मानवका लागि अनुकरणीय कार्य गरेको बताए।

### दिवा खाजा कार्यक्रम प्रभावकारी बन्दै

रौतहट। चन्द्रपुर नगरपालिका वडा-५ स्थित अम्बिका आधारभुत विद्यालयमा १ देखि ५ सम्मका विद्यार्थीलाई विद्यालयमै नि:शुल्क खाजा कार्यक्रम संचालन गरिएको छ। यो कार्यक्रमले विद्यार्थी र शिक्षक नियमित विद्यालय उपस्थित हुने गरेके पाइएको छ। शुक्रबारसमेत सातामा ६ दिन विद्यालयमै खाजा बनाएर खुवाउने गरिएको हो। प्रधानाध्यापक मुरारी चालिसेका अनुसार दैनिक फरकफरक शिक्षकलाई खाजा व्यवस्थापनका लागि संयोजक तोकिएको छ। खाजाका लागि शिक्षक र कर्मचारीले सहयोग गर्दै आएका छन्।

### नि:शुल्क सेनिटेरी प्याड वितरण

विराटनगर। विराटनगरको हाटखोलामा सञ्चालनमा आएको आरके महलले ग्रहकको लागि विभिन्न अफर लिएर आएको छ। अन्तराष्ट्रिय महिला दिवसको अवसर पारेर महलमा आएका एक सय बढी महिलालाई महलले नि:शुल्क सेनिटरी प्याड वितरण गरेको छ। आइतबार महलले महिला ग्राहकलाई सेनिटरी प्याड वितरण गरेको हो। महिला दिवसमा महिलाहरूलाई अति आवश्यक प्याड जनचेतनाको लागि वितरण गरिएको महलका सञ्चालक सुनिल शर्माले बताए। साथै , महलले राखेका विभिन्न अफरले महलमा सर्वसाधारणको भिड बढ्दै गएको छ।

### कटुवा पेस्तोलसहित दुई जना पक्राउ

रौतहट। गढिमाई नगरपालिका-६ धरमपुरबाट कटुवा पेस्तोल १ थान र गोली ३ सहित दुई जनालाई सोमबार साँझ प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सर्लाही धनकौल गाउँपालिका(६ छतौंल बस्ने २६ वर्षीय राजेश राम र सोही ठाउँ बस्ने २१ वर्षीय सुरज राम रहेका छन्। ईलाका प्रहरी कार्यालय गरूडाबाट खटिएको प्रहरीले बिआर ३० यु ८३८२ नम्बरको भारतीय मोटरसाइकल जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार राजेशलाई कटुवा पेस्तोल १ थान र गोली राउण्ड २ राउण्ड तथा सुरजलाई कटुवा पेस्तोलमा लाग्ने गोली १ राउण्ड र मोबाइल २ थान सहित पक्राउ गरेको हो।

### आगलागीबाट २५ लाखको धनमाल नष्ट

पर्सा। वीरगंज महानगरपालिका-२१ परवानिपुरस्थित सनराइज कन्टेनर फ्याक्ट्रीको कस्मेटिक सामान बनाउने कच्चापदार्थ राख्ने गोदाममा सोमबार साँझ करेन्ट सर्ट भई आगलागी हुँदा करिब २५ लाख रूपैयाँ बराबरको धनमाल जलेर नष्ट भएको छ। स्थानीयबासी र दमकलको सहयोगमा आगो नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### नियन्त्रित लागूऔषधसहित पक्राउ

कपिलवस्तु। कृष्णनगर नगरपालिका-२ पिपलबोटबाट नियन्त्रित लागूऔषध नाईट्रोभेट ५५ ट्याबलेट र ट्रामाडोल ३ सय ट्याबलेट सहित २ जनालाई शुक्रबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा दाङ घोराही उपमहानगरपालिका-१५ बस्ने २२ बर्षीय आशिष केसी र रोल्पा लिवाङ घर बताउने १८ बर्षीय बिमल डाँगी रहेका छन्। ईलाका प्रहरी कार्यालय कृष्णनगरबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त परिमाणको लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### नक्कली सरकारी कागजात बनाउने पक्राउ

पर्सा। नक्कली नेपाली नागरिकता, जन्मरमृत्यु दर्ता, बसाईसराई, विवाह दर्ता लगायतका विभिन्न सरकारी कागजातहरू बनाउने कार्यमा संलग्न बहुदरमाई नगरपालिका-७ रामनगरी बस्ने ६० वर्षीय बिन्दा प्रसाद साहलाई आइतबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले उनलाई वीरगंज महानगरपालिका-१६ नगवा फुलवारीटोलबाट पक्राउ गरेको हो। प्रहरीले उनको साथबाट नेपाली नागरिकताहरू, नागरिकता बनाउन प्रयोग हुने फारमहरू, जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, बसाईसराई, जन्म प्रमाणित लगायत नक्कली कागजात बनाउन प्रयोग हुने विभिन्न कागजातहरू समेत बरामद गरेको छ।

बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय पठाऔं,
शिक्षा दिएर असल नागरिक बनाऔं,
चर्पीमा मात्र दिसापिसाब गराऔं,
गाउँघरलाई सफा र स्वच्छ राखौं।
जलेश्वरनाथ नगरपालिका
महोत्तरी

**मलहम** -डा. रामदेव पंडित (आयुर्वेद चिकित्सक)



# अरूलाई फलफूल बेच्नेहरू, आफूले पनि खाने गरौं !

भिन्न-भिन्न प्रयोजनका साथ मधेशीहरूको ठूलै जनसंख्या राजधानी काठमाडौंमा प्रवास गर्दछ। प्राविधिक क्षेत्रमा यहाँ मधेशीहरूको राम्रै उपस्थिति पाइन्छ। अहिले आएर काठमाडौंका धेरै सरकारी एवं गैरसरकारी कार्यालयहरूका प्रमुखका रूपमा मधेशी अनुहार भेटिन्छन्। सँगै ठूला-ठूला व्यापारीदेखि सडक पेटीमा हुने व्यपार व्यवसायसम्म मधेशी अनुहार भेटिन्छन्।

साइकलमा घुमिघुमि तरकारी र फलफूल बेच्नु काठमाडौंमा मधेशीहरू र भारतीयहरूले गर्ने गरेको अर्को लोकप्रिय व्यपार हो। यसरी साइकलमा फलफूल बेच्ने मधेशीहरूले अरूहरूलाई फलफूल बेचेर उनीहरूको अनुहार चमकिलो र स्वास्थ्य गतिलो बनाउने कार्य गर्दै आएको भए पनि उनीहरू स्वयं किन सधैं अन्ध्यारो र रोगी देखिन्छन् ? कसैले पनि यसबारै सोचेको देखिन्न। दिनभरी अरूको स्वास्थ्य र सौन्दर्यताका लागि तरकारी एवं फलफूल बेच्नेहरूले आफैले पनि ताजा तरकारी र मौसमी फलफूल खानु पर्छ भन्ने बोध गर्नु जरूरी छ।

साइकलमा व्यापार गर्ने काठमाडौंका मधेशीहरू आवश्यकता वा बाध्यताले पैसालाई प्राथमिता बढी दिएर होला उनीहरू आफ्नो स्वास्थप्रति सचेत भएको देखिन्छ। दिनभरी साईकल गुडाएर व्यपार गर्ने क्रममा नास्ता, खाना, खाजाको रूपमा जता जे पाइन्छ त्यही खाएर दिन कटाउँछन्। उनीहरूलाई पानी खाने होस् रहन्न। तिर्खा लागे नजिकैको होटल तिर पसेर पानी खाएको देखिन्छ। भाँडा कम पर्ने हुँदा एउटै कोठामा धेरै जना मिलेर रात बिताउँन्। धेरैले रातीको खाना होटल तिरै खान्छन र कोठामा पुगेर पकाएर खानेहरूले पनि अत्याधिक मात्रामा तेल र मसला हालेर खाना खान्छन्।

पैसा कमाएर परिवारलाई सुखी र खुसी बनाउने सपना बोकेर आफ्नो प्रवाह नगरी अचेत एवं अब्यवस्थित जीवनशैलीले बिताउँदै जाँदा ५ बर्षमै मधुमेह र उच्च रक्तचापको रोगी बनेको पत्तै पाउँदैनन्। फलत: परिवारलाई सुखी बनाउने योजना तुहिन्छ। आफै थला परेर परिवार माथि नै भार बन्छन्।

मधेशीले साईकलमा व्यवसाय गरेर राजधानी बासीको सेवा गरेकोले उनीहरूको श्रमको उच्च सम्मान गर्नै पर्छ। उनीहरूले गर्दा धेरैलाई सहजता पाएको छ। दिनभरी बेचेर बाँकी बचेको तरकारी बिग्रिएको, गलेको शब्जीहरू उनीहरूले कोठामा पकाएर खाने गर्दछन्। फलफूल त बेचेरै सक्छन्। अन्तिममा बचेको पनि होलसेल रेटमा ग्राहाकलाई भिडाउँछन्।

उनीहरूले खाने खाना अधिकांश रूपमा चिल्लो, चहकिलो, स्वादिलो हुन्छ। धेरैले समय उनीहरू खाना खाँदैनन्। नुहाउन र लुगाधुन पानी पाउँदैनन्। जसको कारण धुलो, धुँवा र पसिना शरीर कालो लुगाहरू मैला भएका हुन्छन्। व्यायाम गर्नु पर्छ भन्ने कुरा त उनीहरूलाई थाहै हुन्न। धेरैले यस्तो परिस्थितिमा पनि धुम्रपान या मद्यपान गरेको पाइन्छ। दिन भरी हिडेर व्यपार गर्नु व्यायाम हुन्न। निरन्तर हिडेर मात्र शरिर स्वस्थ रहन सक्दैन। किन कि श्रम र व्यायाममा अन्तर हुन्छ। अत: यसरी साईकलमा व्यपार गरी रहेका अधिकांश मधेशीहरूले सहज रूपमा मधुमेह र उच्च रक्तचाप आदि रोगहरू पैसासँगै आर्जन गरी रहेका छन्।

साईकले व्यपारीहरूको संख्या राजधानीमा धेरै छन्। जनचेतना र सुचनाको अभावले उनीहरू बिरामी पर्नु भनेको धेरै परिवारलाई भार मार पर्नु हो। राज्यलाई उनीहरूको चिकित्साको लागि भार पर्नु हो। यसले जनस्वास्थ्यलाई प्रत्यक्ष रूपमा असर पर्छ। यस बिषयमा राज्यको कुनै न कुनै जिम्मेवार अंगले ध्यान पुऱ्याउनै पर्छ। यो सार्वजानीक सरोकारको बिषय हो। यसमा गैर सरकारी संस्थाको भुमिका पनि अपेक्षित देखिन्छ। काठमाडौंमा सक्रिय मधेशी मेडिया र सामाजिक संस्थाहरूले पनि यस बिषयलाई उठाउनु पर्छ।

रोग लाग्छ भनेर उनीहरूलाई घरमा पकाएर खानुपर्छ भन्ने ज्ञान दिनुपर्छ। होटलको नास्ता, खाना र खाना स्वस्थकर हुन्न भनेर बोध गराउनु पर्छ। त्यारी खानाहरू (फास्ट फुड, जंक फुड) दिन कटाउनु हानिकारक हुन्छ भन्ने कुरा उनीहरूलाई बुझाउनुपर्छ। कोठामा प्रयोग गरिने खानेतेल, नुन, मसला, मैदा, मासु, चिनी, चामल लाई सचेत रूपमा प्रयोग गर्न ज्ञान दिनुपर्छ। खानामा तेल र मसलाको धेरै प्रयोग गर्दा रोग लाग्ने बिषयको जनाकारी दिनुपर्छ। जुत्ता लगाएर हिडने र सकेसम्म सफा लुगा लगाए स्वस्थ देखिने र अरूले पनि सम्मान दिने बिषय उनीहलाई बताउनुपर्छ। अधिक र दैनिक मासुको प्रयोग अस्वस्थकर हुन्छ, हप्तामा एक देखी दुई दिन ५० देखी ६० ग्राम ताजा र सफा मासु मात्र सेवन गर्नुपर्छ भन्ने तथ्य उनीहरू समक्ष पुऱ्याउनुपर्छ।

शरीर र स्वस्थको लागि ताजा तरकारी र फलफूलको महत्व उनीहरूलाई बोध गराएर उनीहरूलाई फलफूल खान प्रोत्साहन गर्नुपर्छ। ताजा तरकारी र फलफूलखानाले मानव स्वास्थलाई धेरै हिसाबले सकरात्मक बनाई राखेको हुन्छ। बिषादी र प्रदुषणले जेलिएको आजको जीवनशैलीमा फलफूलको दैनिक सेवन अनिवार्य छ। फलफूलले शरीरको सफाई गर्न, शरीरको निर्माण गर्ने, शरीरलाई ऊर्जा दिने, शरीरको चिकित्सा समेत फलफूलले गर्ने पोषण विज्ञानीय अवधारणा छ। मौसमी फलफूलहरूले जनस्वास्थयलाई हरेक दृष्टिबाट मजबुत र निरोगी बनाउन सहयोगी हुन्छ। फलफूलमा पाउने तत्वहरू प्राकृतिक हुने हुनाले यसको सेवनले शरीरमा कुनै खालको नकरात्मक असर भने हुन्न भन्ने कुर अब ती साईकले व्यपारीहरूलाई पनि सिकाउनुपर्छ।

> साइकलमा फलफूल बेच्ने मधेशीहरूले अरूहरूलाई फलफूल बेचेर उनीहरूको अनुहार चमकिलो र स्वास्थ्य गतिलो बनाउने कार्य गर्दै आएको भए पनि उनीहरू स्वयं किन सधैं अन्ध्यारो र रोगी देखिन्छन् ? कसैले पनि यसबारे सोचेको देखिन्न।

## सभामुख सापकोटा र भारतीय राजदूत क्वात्राबीच भेटवार्ता



काठमाडौं। नेपालका लागि भारतीय राजदूत विनयमोहन क्वात्राले प्रतिनिधिसभाका सभामुख अग्निप्रसाद सापकोटासँग शिष्टाचार भेट गरेका छन्। नेपालका लागि नवनियुक्त भारतीय राजदूत क्वात्राले आज सभामुखको कार्यकक्ष सिंहदरबार पुगेर सभामुख सापकोटासँग शिष्टाचार भेट गरेका हुन्। भेटमा दुई देशको सम्बन्धका विषयमा कुराकानी भएको थियो। नेपाल र भारतको सम्बन्ध औपचारिक नभएर प्राकृतिक सम्बन्ध भएकोले सरकार–सरकार, संसद्–संसद् र जनता–जनताबीचको बहुआयामिक सम्बन्धलाई अझ उचाइमा पुर्याउने विषयमा छलफल भएको छ।

भेटमा सभामुख सापकोटाले भूकम्पपछि भारतले गरेको सहयोग र वर्तमान अवस्थामा कोरोना भाइरसविरूद्ध लड्नका लागि भारतले गरिरहेको सहयोगको प्रशंसा गरेका थिए। भारतीय राजदूत क्वात्राले दुई देशबीच व्यापक र गहिरो सम्बन्ध रहेको बताउँदै सभामुख सापकोटाको कार्यकालमा यो सम्बन्ध अझ विस्तार हुने विश्वास व्यक्त गरे। उनले शान्ति, विकास र समृद्धि नेपाल-भारत सम्बन्धमा गहिरो स्तम्भ भएको बताउँदै छलफलका माध्यमबाट दुई देशबीचका समस्या समाधान गर्न सकिने उल्लेख गरे।

## थप निगरानी बढाउन गृहमन्त्रीको निर्देशन

काठमाडौं। कोरोना भाइरसको संक्रमणका कारण त्रास फैलिरहेको बेला बजारमा दैनिक उपभोग्य वस्तुको मूल्य बढाउनेविरूद्ध गृह मन्त्रालयले अनुगमन तीव्र पार्ने भएको छ। गृहमन्त्री रामबहादुर थापा बादलको अध्यक्षतामा बसेको बैठकले यो निर्णय गरेको हो। बैठकमा सीमा नाकामा आवतजावत गर्नेमाथि सुरक्षाकर्मीबाट थप निगरानी बढाउन पनि थापाले निर्देशन दिएका छन्। बैठकमा प्रहरी महानिरीक्षक ठाकुरप्रसाद ज्ञवाली, सशस्त्र प्रहरी बलका प्रमुख शैलेन्द्र खनाल, नेपाली सेनाका उपरथी प्रभुराम शर्मा लगायत उपस्थित थिए। बैठकले उपप्रधान एवं रक्षामन्त्री ईश्वर पोखरेल नेतृत्वको उच्च स्तरीय समितिसँग समन्वय गरेर काम गर्ने पनि निर्णय गरेको गृहमन्त्रीका प्रेस संयोजक किरण भट्टराईले बताए।

## नाकामा हेल्थ डेस्क

नवलपरासी। पूर्वी नवलपरासीको भारतीय सीमा नाका त्रिवेणी हुँदै नेपाल भित्रिने यात्रुको स्वास्थ्य परीक्षण सुरू गरिएको छ। हेल्थ डेस्कमा यात्रुले अनिवार्य नि:शुल्क परीक्षण गर्नुपर्ने व्यवस्था गरिएको छ। यात्रुलाई नि:शुल्क मास्क, हात धुने व्यवस्था, सेनिटाइजर र नन कन्टयाक्ट टयाम्पोरल (मान्छे नछोइकन तापक्रम नाप्ने यन्त्र) राखेर बिरामीको परीक्षण सुरू भएको हो। त्यहा गाउँपालिकाले आफनै स्वास्थ्यकर्मी खटाएर स्वास्थ्य परीक्षण सुरू गरिएको हो। बिहान ६ बजे भन्सार बोर्डर खुल्नासाथ परीक्षण गरेर साँझ ८ बजेसम्म आउजाउ गर्नेहरूको स्वास्थ्य परीक्षण सुरू भएको गाउँपालिका अध्यक्ष जिसीले जानकारी दिए।


## विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू नि:सन्देह जीवघाती हुन्। होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ। जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, धनुषा, नेपाल
सम्पर्क नं. : ०१५२२३५०
इमेल : malcprovince2@gmail.com


## अर्थतन्त्रमा कोरोनाको कहर

काठमाडौं। चीनको केन्द्र हुबेइबाट सुरू भएको कोरोना भाइरस (कोभिड-१९) को संक्रमण संसारभर फैलिन थालेको छ। यसको असर मानव मात्र परेको छैन, विश्वको अर्थतन्त्रमा पनि पर्न थालेको छ। कोरोना भाइरस संक्रमित बढेसँगै आर्थिक क्षेत्र पनि धराशायी हुने देखिएको छ। त्यसैगरी, विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोषले पनि आर्थिक वृद्धिमा भारी गिरावट आउने चेतावनी दिएको छन्। यसले आर्थिक क्षेत्रमा कस्तो प्रभाव पार्छ भनेर अन्तर्राष्ट्रिय सञ्चार माध्यमले विश्लेषण पनि गरिसकेका छन्। कोरोना भाइरको कारणले भारतमा २.५ हजार करोडको नोक्सान भएको आशंका गरिएको छ। भारतीय २० अर्ब ५ करोडको व्यापार घाटा अनुमान गरिएको हो। त्यसैगरी, युरोपियन युनियनको १.१ लाख करोड रूपैयाँ घाटा भएको अनुमान गरिएको हो। जुन भारतको भन्दा ४४ गुणा बढी हो।

## देउवासँग भेट

काठमाडौं। नेपालका लागि भारतीय राजदूत विनयमोहन क्वात्राले नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई भेटेका छन्। सभापति देउवालाई भेट्न राजदूत क्वात्रा बुढानिलकण्ठस्थित देउवा निवास पुगेका थिए। देउवाले राजदूत क्वात्रालाई सफल कार्यकालको शुभकामना दिएका छन्। नेपाल-भारत सम्बन्ध उचाइमा पुग्ने विश्वास पनि देउवाले दिएको उनको सचिवालयले जनाएको छ।

**स्थानीय सम्वाद**

# चक्रपथको निर्माण गर्दैछौं



**नेत्रराज अधिकारी**
**मेयर, शिवराज नगरपालिका, कपिलवस्तु**

शान्तिका अग्रदुत गौतम बुद्धको गृहजिल्ला कपिलवस्तुको पशिचमी क्षेत्रमा अवस्थित ऐतिहासिक स्यूराज क्षेत्र तथा प्रशिद्ध धार्मिक स्थल शिवगढीका नामबाट नामाकरण गरिएको शिवराज नगरपालिका नेपाल सरकारको मिति २०७१।०१।२५ को निर्णयबाट साविकका शिवपुर, विरपुर, चनई, विसुनपुर र जवाभारी गा.वि.स.लाई समावेश गरि स्थापना गरिएको हो। नेपाल सरकारको मिति २०७३।११।२७ को निर्णयले साविकका शिवगढी, थुन्हिया र लालपुर गा.वि.स. गाभेर हालको शिवराज नगरपालिका विस्तार गरिएको हो।

**० जनप्रतिनिधिको रूपमा निर्वाचित भएपछि जनताले अनुभूति गर्ने के-कस्ता कामहरू गर्नुभयो ?**

– हामी निर्वाचित भएको दुई वर्ष पूरा भएर तेस्रो वर्षमा प्रवेश गरेका छौं। हामीले यो अवधिमा सरसफाइलाई विशेष प्राथमिकता दिएका छौं। भौतिक पूर्वाधारको विषयमा पनि हामीले धेरै ठाउँमा बाटोघाटो निर्माण गऱ्यौं। कतिपय ठाउँमा पिच सडक बनाइएको छ भने कतपय ठाउँमा ग्राभेल बाटो निर्माण गरेका छौं। यस्तै, आवतजावतको पनि समस्या थियो, झुलङ्गे पुल, अन्य पुलहरू निर्माण गरेका छौं। करिब ५०-६० वटा साना-ठूला गरेर पुलहरू बनाएका छौं। हाम्रो नगरपालिका तराई भेगमा परेकाले यहाँ खरका छाना भएका धेरै घरहरू छन्। नगरपालिकालाई खरको छानामुक्त बनाउनका लागि करिब एक करोड ९० लाख रूपैयाँ बजेट विनियोजन गरेका छौं। खरको छानाबाट मुक्त गराउन सकियो भने आगलागी नियन्त्रणमा आउनसक्छ। त्यस्तै, नगरपालिकाको सबै वडालाई समेट्ने गरी चक्रपथको निर्माण गर्दैछौं।

**० करिब लामो समयपछि स्थानीय तहमा जनप्रतिनिधिको आउँदा जनताका अपेक्षाहरू कस्तो पाउनुभयो ?**

– लामो समयको अन्तरालपछि स्थानीय तहमा जनप्रतिनिधि आउँदा जनताका अपेक्षाहरू धेरै नै पायौं। गणतन्त्र आएपछि सबै कुरा एकैचोटि भइहाल्छ भन्ने किसिमका जनताका चाहना छन्। सबै कुरा एकैपटकमा पूरा हुन सक्दैन। हामीले विकासको लहरलाई सुरूवात गरेका छौं। मलगायत मेरो टिमले कम्मर कसेर लागेका छौं। हामीलाई काम गर्न विभिन्न बाधा अड्चनहरू छन्, तर जनताका चाहना धेरै छन्। हामीसँग पर्याप्त कर्मचारी पनि छैनन्। तैपनि हामीले हिम्मत हारेका छैनौं, गर्दै जाने र सिक्दै जाने हो। जनतासँग हामीले जुन कबुल गरेका छौं, त्यो पूरा गरेरै छाड्ने हाम्रो अठोट हो।

**० निर्वाचनका बेला तपाईंहरूले के-के आश्वासन दिनुभएको थियो ?**

– निर्वाचनका बेला समय अवस्था हेरेर जे पनि भनिन्छ। तर, मूल कुरो मैले भौतिक अवस्था सुधार गर्ने, यातायातको सुविधा दिने, पठन-पाठन, स्वास्थ्य, कृषि लगायतमा सुधार गर्ने, रोजगारीको अवस्था सिर्जना गर्ने, पर्यटकीय क्षेत्रहरूलाई सुधार गर्ने र पर्यटक भित्र्याउने र त्यसबाट आयआर्जन गराउने लगायतका आश्वासनहरू दिएका थियौं। ती सबै कुराहरू पूरा गर्ने प्रयासमा हामी छौं। केही भइरहेका छन्, केही पूरा पनि भएका छन्।

**० नगरपालिकाको कामबाट जनता कतिको सन्तुष्ट छन् ?**

– जतिसुकै राम्रो काम गरेपनि केही तत्वहरूले दोष लगाउन खोज्छन् नै। तर, समग्रमा भन्नुपर्दा म एकदम निष्ठावान भएर काम गरिरहेको छु। जसले जनताले असन्तुष्ट हुने अवस्था देखेको छैन। शतप्रतिशत सन्तुष्ट त ब्रम्हा विष्णु महेशले पनि सन्दैनन्। तर, म कसैलाई काखा वा पाखा नगरेर समग्र नगरपालिकाका जनता हाम्रा हुन्, सबैको घरआँगनमा सेवा सुविधा पुऱ्याउने हाम्रो दायित्व हो भनेर लागिरहेको छु। हाम्रा विपक्षीहरूले पनि बहुत राम्रो काम भइरहेको भनिरहेका छन्।

**० सिंहदरबार गाउँमा भन्ने नारा कतिको अनुभूति गराउन सक्नुभएको छ त ?**

– जनताले घरमै बसेर विभिन्न सेवा सुविधाहरू पाइरहेका छन्। वडा-वडाबाट जनताका आधारभूत सेवा सुविधाहरू हामीले पुऱ्याएका छन्। त्यसैले सिंहदरबार गाउँमा भन्ने अनुभूति अवश्य नै भएको छ। कुनै पनि सानोभन्दा सानो समस्या पऱ्यो भने हामी जनप्रतिनिधिहरू पुगेर समाधान गर्ने गरेका छौं। त्यसकारणले जनताले धेरै सुविधाहरू पाएका छन्। पहिला सानो कामका लागि पनि जिल्लाको सदरमुकाम पुग्नुपर्ने बाध्यता थियो तर, अहिले त्यस्तो छैन। जनता हाम्रा मालिक हुन्, हामी सेवक हौं भन्ने हिसावले लागिपरेका छौं। जनतासँग प्रत्यक्ष सरोकार राख्ने स्थानीय तह नै भएकोले हामीसँग जनता अत्यन्त सन्तुष्ट छन्।

**० प्रदेश सरकारसँग कस्तो सहकार्य भइरहेको छ ?**

– प्रदेश सरकारसँग हाम्रो सहकार्य राम्रै भइरहेको छ। प्रदेश सरकारका मन्त्रीहरूसँग हाम्रो सम्बन्ध राम्रा छन्।

**० करको दायरा के छ ?**

– मेरो नगरपालिकाका जनता करबाट पीडित छैनन्। यस नगरपालिकामा जग्गा-जग्गाको विषयमा कर लागू भएको छ। यसमा लगाएको कर पनि अत्यन्त न्यून छ। हामीले न्यायोचित तरिकाले राजमार्ग आसपासका जग्गाहरूमा कर लगाएका छौं। कार्यपालिका बसेर उद्योग वाणिज्य संघ, व्यापार संघ, भद्रभलादमीहरूलाई राखेर करको दायरा निर्धारण गरेका छौं। त्यसको आधारमा कर लिइएको छ। मध्यमवर्गीय मान्छेहरूले कम कर लगाइएको र ठूलाबडाहरूले नगरपालिकाले धेरै कर लिएको भन्छन्। समग्रमा भन्नुपर्दा शिवराजका जनता करबाट पीडित हुने अवस्था छैन।

**० तपाईंको महत्वाकांक्षी योजनाहरू के-के छन् ?**

– हाम्रो महत्वाकांक्षी योजनाहरू भनेको खरको छानामुक्त नगरपालिका बनाउने भनेर सुरूवात गरेका छौं। त्यस्तै, नगरपालिकाका सबै नगरपालिकालाई जोड्ने एउटा चक्रपथको परिकल्पना गरेर त्यसको डिपिआर गरेर त्यसको काम भइरहेको छ। त्यस्तै, नगरपालिकामा दुईटा ठूला पुलहरू बन्दैछन्। हाम्रो अर्को मुख्य लक्ष्य भनेको शिक्षा, स्वास्थ्य, कृषिलाई विशेष प्राथमिकता दिने रहेको छ।

## विश्व परिवेश

# पाकिस्तानमा थुनुवाहरूका लागि "काला कानून"

-सैमुएल वैद

संघीय प्रशासित आदिवासी क्षेत्रहरू खिबर पख्तुनखावामा मे २५, २०१८ का दिन जोडिन पुगे पनि त्यसका सात वटै जिल्लाहरूमा इन्टननेन्ट केन्द्रहरू संचालित रहेका छन् । सबभन्दा रोचक पक्ष के छ भने प्रधानमन्त्री इमरान खान सरकारको महाधिवक्ता त्यति आश्वस्त छैनन् कि त्यसका अधिवक्ताहरू पाकिस्तानी नागरिक छन् कि छैनन् ? सर्वोच्च अदालतका मुख्य न्यायाधीश असिफ सइद खोसाको अध्यक्षतामा बसेको पाँच न्यायाधीशहरूको बेन्चमा संघीय सरकार र खिबर पख्तुनखावा विरूद्ध पेशावर उच्च अदालतको फैसलाको सुनुवाईको क्रममा महान्यायाधिवक्ता अनवर मंसूर खानले भनेका थिए कि ती मानिसहरू सीमापारको क्षेत्रमा खुलस्त रूपमा वार-पार गरी रहेका थिए, त्यसैले "तिनीहरूको पहिचान खुलाउन गाह्रो रहेको छ किनकि त्यस मध्येका धेरैले 'कम्प्यूटराइज्ड नेशनल आइडेन्टीटी कार्डहरू (सि.एन.आई.सी) राखेका छन् । मुख्य न्यायाधीशले भनेका थिए- "हामीलाई पीर लागेको छ कि त्यस मध्येका सबैलाई सानो थुनाग्रहमा थुनिएको छ ।" उनीहरू सबै धेरै लामो समयसम्म थुनामा रहँदै आएका छन् । तिनीहरूसाथ संविधानको धारा ४ अनुरूप व्यवहार गरिनु पर्दछ किनकि "कानून अनुरूपको व्यवहार पाउनु सबै नागरिकको संविधान प्रदत अधिकार हो ।" उनले यो पनि उल्लेख गरेका थिए कि संविधानसभाले लामो समयको छलफल पश्चात् कैदीहरू तथा थुनुवामा राख्नेहरूको मौसिक, मानव तथा अन्य अधिकारहरू सम्बन्धमा निर्णय गरेका थिए ।

खिबर पख्तुनखवाका सात वटै साभो थुनुवा केन्द्रहरूमा रहेका बन्दीहरूको दृष्टिकोणबाट हेर्दा यस्तो देखिन्छ कि संघीय प्रशासित आदिवासी क्षेत्रहरूका मानिसहरू प्रान्तमा गाभिए पनि अझ पनि पाकिस्तानको संविधान अनुरूप पूर्णरूपले लाभ उठाउँदै आएका छन् । संघीय प्रशासित आदिवासी क्षेत्रहरू खिबर पख्तुनखवामा सामेल गरिए पनि यो घोषणा गरिएको थियो कि काला कानून भनिएको 'फ्रन्टियर क्राइम रेगुलेशन्स (एफ.सी.आर.) समाप्त गरिएको थियो र त्यसकै लगत्तै सात वटै जिल्लाहरूमा अदालतको स्थापना गरिएको थियो । तर यस वर्षको मार्च २९ का दिन दक्षिण वाजिरिस्तानका अधिकारीहरूले एक पत्रकारले आफ्नो घर नष्ट पारेको कारण उसलाई दण्डित गर्न एफ.सी.आर. को प्रयोग गरिएको थियो । बि.बि.सी. का टिप्पणीकारहरूले, जनताले अझ महशूस गर्न सकेको छैन कि 'फाटा' (संघीय शासित आदिवासी क्षेत्रहरू) हरूलाई पाकिस्तानको एक अनुभाग, भएको महशूश गरेको छैन, त्यसको प्रमाणको रूपमा थुन्ने शिविरहरूको निरन्तरता रहेको छ ।...

# दरिद्र पाकिस्तान, भुक्तानी गर्ने दोषी

-अल्लावक्स

पाकिस्तानको वित्तीय संकटको स्थिति राज्यको प्रमुख बढ्दो अवस्थामा पुगेको छ जसले गर्दा पाकिस्तानले गरेको अनुबन्धित निर्देश निगमहरूको परियोजनालाई त्यसको प्रमुख पूर्वाधारहरूको भुक्तानी गर्न सकिरहेको छैन । जसले पाकिस्तानका आर्थिक सम्भावनाहरूलाई निकटतम् भविष्यमा खराब तुल्याएको छ । यस्ता धेरै जसो निगमहरूले पाकिस्तानलाई आफ्नो वित्तीय दायित्व पुरा गर्न कठिनाई भइरहेको देखेको छ र एउटा साउथ कोरियन (South Korean) कम्पनीहरूको भुक्तानी मुद्दा सम्बन्धीले गर्दा पाकिस्तान र साउथ कोरियन विचको द्विपक्षीय सम्बन्ध बिग्रिएको देखिएको छ । पाकिस्तानको भुक्तानी सम्बन्धी स्टार हाइड्रो पावर (Star Hydro Power, SHPL) प्रतिको खैया जुन पट्रिन्ड हाइड्रो पावर परियोजना (Patrind Hydro Power Project) को लागि रहेको थियो र जसले गर्दा साउथ कोरियाले आफ्नो कूटनीतिक दबावको पाइला अगाडि चाल्यो । व्यापक चर्चाको विषय भएर यो एउटा ठूलो मुद्दा भैसकेको थियो र जसले गर्दा सिऔल (Seoul) ले पनि आफ्नो निगमहरूलाई पाकिस्तानमा लगानी गराउने विरूद्ध चेतावनी दिएको थियो । स्टर हाइड्रो पावर (Star Hydro Power) ले सन् २०१२ मा पाकिस्तानको सेवा शक्तिबाट यो कन्ट्रयाब्ट जितेको थियो र पट्रिन्ड हाइड्रो पावर परियोजना (Patrind Hydro Power Project) को निर्माण कुन्हार नदी (Kunhar River) मा गर्न चाहेको थियो । जुन पाकिस्तानद्वारा कब्जा गरिएको कश्मिरको एउटा मुजफ्फराबद जिल्ला हो । यो परियोजनाको जम्मा खर्च चार सय छत्तीस मिलियन (36 Million) रहेको थियो र जसमा एसियन डेभेलपमेन्ट बैंक (ADB) ले सन्तानब्बे मिलियन (97 Million) को कर्जा दिएको थियो । साउथ कोरियन नामले यो प्रोजेक्ट सन् २०१७ मा पुरा गरेको थियो । पछिल्लो दुई वर्ष सम्म पनि यो प्रोजेक्ट चल्दा पाकिस्तानले अझ पनि कोरियन कम्पनी (Firm) लाई पुरा भुक्तानी गर्न सकेन । आजको मितिसम्म पनि पाकिस्तानले मात्र १.३३ अरबको पाकिस्तानी रूपैयाँले भुक्तानी गरेको छ जुन कि जम्मा भुक्तानीको करिब २७ प्रतिशत मात्र साउथ कोरियन निगमको हिसाब अनुसार रहेको छ । कम्पनीले सन् २०१७ मा ४.९२ अरब मूल्य बराबरको बिल खडा गरेको थियो । भुक्तानी पुरा गर्न धेरै ढिलो भएकोले गर्दा साउथ कोरियन कम्पनीलाई सशक्तिका साथ पाकिस्तानको उर्जा मन्त्रालय चेतावनी दिँदै भने की अब फेरि भुक्तानी गर्न ढिलो भयो भने यसले सार्वभौम सत्ता प्रत्याभूत गर्नेछ ।...

## अमेरिकामा होली मिलन समारोह



काठमाडौं । संस्कृतिलाई जोगाई राख्न तथा होलीलगायत हिन्दू संस्कृतिलाई विश्व सामु चिनाउन न्यूयोर्क अल्बानी मधेशी समाज, अमेरिकाका युवाहरूले होली मिलन समारोहको आयोजना गरेका थिए । यो मौकामा समाजका सक्रिय सदस्य रामनि यादवको नेतृत्वमा होली कमिटी गठन गरिएको थियो । अल्बानी मेडिकल कलेजमा रेस्पिरोटरी प्रैक्टिशनर पदमा कार्यरत मुकेश झाले कोरोना भाइरस (कोभिड-१९) को संक्रमणबाट बच्ने विषयमा प्रकाश पार्नुको साथै अमेरिकाका विभिन्न संघसंस्थाले होलि समारोह स्थगन गर्दा आफुहरूले विशेष स्वास्थ्य सुरक्षा अपनाइ हरेक होलिप्रेमिहरूलाई सैनीटाइजर एवं वाइपस प्रदान गरिएको बताए । होली खुशी तथा भाईचाराको संदेश दिने साथै आपसी बैरभावलाई बिर्सी रंगपर्व धुमधामले मनाउने परम्परा रहेको सामाजिक अभियन्ता अनिश केसी एवं राम गुप्ताले बताए । होली मिलन समारोहमा सांगीतिक कार्यक्रम बवन कर्ण एवं उद्घोसन्लक्ष्मन केशरीले गरेका थिए । यस होलि समारोहमा नर्थइस्टका विभिन्न राज्यहरूबाट होलिप्रेमीहरूको उपस्थिति रहेको समाजका उप-संयोजक सरिता यादवले अल्बानीबाट जानकारी गराएकी छन् ।

## भारतबाट गरिने चिनियाँ सामग्री आयात घट्यो

काठमाडौं । कोरोना भाइरस संक्रमण प्रभावले नेपालका विभिन्न नाकाबाट आउने चिनियाँ सामग्रीको आयात घटेको छ । केही नाकामा आयात ठप्पप्राय: नै छ । चीनसँग आयातनिर्यात हुने प्रमुख रसुवागढी नाका केही समययता बन्द छ । भारत हुँदै आउने सामग्रीको आयात पनि घटेको छ । चीनमा कोरोना संक्रमण बढेको र उसले अन्य मुलुकमा निर्यात गर्ने वस्तु नपठाएपछि यस्तो समस्या देखिएको व्यवसायी बताउँछन् । गत वर्ष माघसम्मको तुलनामा यस वर्ष चिनियाँ सामान आयातमा ३१ प्रतिशत ह्रास आएको छ । व्यवसायीहरूका अनुसार कोरोना भाइरसका कारण भारतलगायत अन्य मुलुकसँगको आयातनिर्यातमा कुनै प्रभाव परेको छैन तर चीनबाट भने एक महिनादेखि एक कन्टेनर पनि सामान लोड भएको छैन ।

## भारतमा नेपालीले मनाए महिला श्रमिक दिवस

काठमाडौं । नेपालीहरूले भारतमा पनि अन्तर्राष्ट्रिय महिला श्रमिक दिवस मनाएका छन् । भारतको मुम्बई अधेरीमा नेपालीहरूले ११०औं विश्व नारी दिवस तथा महिला श्रमिक दिवस मनाएका हुन् । संयुक्त नेपाली महासंघ मुम्बईका अध्यक्ष भरत रावलका अनुसार महिला र पुरूषबिचको समानताका लागि औपचारिक कार्यक्रमको आयोजना गरिएको हो । कार्यक्रममा कलाकारहरूको सहभागिता रहेको थियो । उनीहरूले संस्कृतिक प्रस्तुती देखाएका थिए । रावलका अनुसार कार्यक्रमको प्रमुख अतिथि मेकअप आर्टिस्ट संगीता खन्ना रहेकी थिइन् । विशिष्ट अतिथिमा गायीका जमुना शर्मा तथा अतिथिहरूमा गायीका अस्मी रिसाल, मार्सलआर्ट प्रशिक्षक लक्ष्मी कार्की, मलाती न्युजकी सम्पादक ललिता मलातीसहितको सहभागिता थियो ।

## भारतीय सहयोगका आयोजनामा समीक्षा

काठमाडौं । भारतीय सहयोगमा अघि बढेका परियोजनाको कार्य सन्तोषजनक भए पनि यसमा द्रुत गति आवयश्क रहेको निष्कर्ष दुवै मुलुकका अधिकारीहरूले निकालेका छन् । नेपालमा भइरहेका कामको प्रगति नियाल्न आएका भारतीय विदेश मन्त्रालयका सहसचिव ( नेपाल र भुटान हेर्ने महाशाखाका प्रमुख) पियुष श्रीवास्तवले कामको प्रगतिमा सन्तोष व्यक्त गर्ने स्थान रहेको बताए । उनले प्रशंसा नै पाउन थप सक्रियता आवश्यक रहेको सन्देश दिएर फर्केका छन् । काम अघि बढे पनि थप सक्रियता आवश्यक रहेको विषयमा नेपाली अधिकारी पनि सहमत हुँदै यसमा ध्यान दिने बताए । नेपाल हेर्ने डेक्स प्रमुख श्रीवास्तव यहाँको कार्यशैलीमा अभ्यस्त छन् । उनले भारतको पक्षबाट भन्दा पनि नेपाल तर्फबाट हुने ढिलाइबारे गुनासो गरेको एक अधिकारीले बताए । भारतीय सहयोगमा निर्माणधीन परियोजनाहरू ढिलाइ किन भन्नेमा सबैतिर चासो रहने भएकाले यसमा थप सक्रियता आवश्यक रहेको बताएका हुन् । यस्तो कार्यको अनुगमन गर्न परराष्ट्र सचिव र भारतका राजदुतको संयन्त्रसमेत रहेकाले त्यसमा रहेर समीक्षा हुँदै कामलाई थप द्रुत गति दिन आवश्यक भएको हो ।

## विदेशी नागरिकलाई प्रवेश रोक

नयाँदिल्ली । भारतको उत्तरपूर्वी राज्य अरूणाचल प्रदेशले सबै विदेशी नागरिकलाई प्रवेशमा रोक लगाएको छ । कोरोना भाइरस(कोभिड-१९) को रोकथाम र नियन्त्रणका लागि भन्दै अरूणाचल प्रदेशले विदेशी नागरिकमाथि प्रवेशमा रोक लगाएको हो । अरूणाचल प्रदेशमा इनर पर्मिटअन्तर्गत भारतीय नागरिक पनि बिना राहदानी प्रवेश पाउँदैनन् । अर्को सूचना जारी नभएसम्मका लागि विदेशी नागरिकमाथिको प्रवेशमा रोक लगाइएको मुख्यमन्त्री पेमा खान्डुले बताए ।




## औषधि निर्यात नरोकिने

काठमाडौं । भारतले औषधि उत्पादनमा कमी आएको तथा भारतमै अभाव हुन थालेको भन्दै विदेश निर्यातमा रोक लगाएको २६ प्रकारको औषधि नेपालमा भने निर्यात नरोक्न सहमत भएको छ । केही दिनअघि सूचना जारी गर्दै पारासिटामोललगायतका औषधि विदेश निर्यात नगर्ने बताएपछि नेपालले भारतसँग छलफल गरेको हो । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले भारतीय पक्षसँग गरेको छलफलपछि नेपालमा औषधि निर्यात खुलाउन भारत सहमत भएको हो । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टका अनुसार दुई देशका सचिवबीच टेलिफोन वार्ता भएको थियो । सोही वार्तापछि भारतले नेपालको प्रस्ताव मानेको मन्त्री भट्टले जानकारी दिए । उनका अनुसार नेपाललाई चाहिने कुनै पनि अत्यावश्यक वस्तु भारतले निर्यातमा रोक नलगाउने जनाएको छ । कोरोना भाइरसको कारण कच्चा पदार्थ आयातनिर्यातमा समस्या हुँदा आफ्नो उद्योग क्षेत्र प्रभावित हुनथालेको भन्दै उसले औषधि निर्यात नगर्ने निर्णय गरेको थियो। विशेषगरी चीनबाट भारत, बंगलादेश र नेपालले औषधिको कच्चा पदार्थ आयात गर्दै आएका छन् । तर कच्चा पदार्थ अभावमा केही औषधिको उत्पादनमा कमी आएको भन्दै भारतले निर्यात नगर्ने बताएपछि नेपालमा समेत त्यसको असर देखिने भन्दै भारतलाई निर्यात नरोक्न पहल गरिएको हो ।

## जिल्ला समाचार

### आगलागीमा एक घाइते, करोडौंको क्षति

नेपालगन्ज । बाँकेको एक चप्पल कारखानामा लागेको आगो करिब ८ घन्टापछि नियन्त्रणमा आएको छ । सोही आगलागीमा एक जना कामदार गम्भीर घाइते भएका छन् । मंगलबार राति बाँकेको जानकी गाउँपालिका-३ इन्द्रपुरस्थित चप्पल उद्योग जयश्री सियाराम कारखानामा भएको आगलागी बुधबार बिहान ८ बजेतिर पूर्ण नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । आगलागीमा परी सोही कारखानामा कार्यरत कामदार दिलीपकुमार चमार गम्भीर घाइते भएको प्रहरीले जानकारी दिएको छ । प्रहरीका अनुसार चमारको शरीरका अधिकांश भाग जलेको अवस्थामा उद्धार गरेर उनलाई उपचारका लागि भेरी अस्पताल पठाइएको हो । आगलागीबाट उद्योगको कच्चा पदार्थ र उत्पादित सबैजसो सामग्री नष्ट हुँदा करिब १० करोडभन्दा बढी मूल्यको क्षति भएको उद्योग सञ्चालकको दाबी छ । विद्युत शर्ट हुँदा आगलागी भएको थियो । आगलागीबाट भएको क्षतिको पूर्ण विवरण प्रहरीले संकलन गरिरहेको छ ।

### आफ्नै बाबुसँग फिरौती लिने पक्राउ

मोरङ । अपहरणको नाटक गरी आफ्नै बाबुसँग फिरौती लिएको अभियोगमा बुढिगंगा गाउँपालिका-३ बाँसबारी बस्ने २४ वर्षीय मुकेश कुमार महतोलाई सुनसरीको भण्टाबारीबाट प्रहरीले पक्राउ गरेको छ । गत शुक्रबार घरबाट निस्केका मुकेश कुमारले आफ्नो मोबाइलबाट बाबुलाई फोन गरी आफू अपहरणमा परेको, अपहरणकारीले ३० लाख रूपैयाँ फिरौती मागेको र प्रहरीलाई खबर गरे ज्यान मार्ने धम्की दिएको जानकारी दिँदै गत शुक्रवार र शनिबार अपहरणकारीले आफूलाई लाहानमा आइतबार धनुषाको जनकपुरमा र सोमबार कोशी ब्यारेजको बोर्डर छेउमा राखेको बताएका थिए । सोमबार उनका बाबुले २१ लाख रूपैयाँ फिरौतीको रकम दिएका थिए । घटनाको अनुसन्धानको क्रममा प्रहरीले तत्काल उनकै मुन्सी काम गर्ने बुढिगंगा गाउँपालिका-३ बासबारी बस्ने २५ वर्षीय कृष्ण राजबंशीलाई फिरौतीको रकम सहित पक्राउ गरेको थियो । मुकेश कुमारले आफूले १ वर्ष अगाडि ५ लाख रूपैयाँ सापट लिँदा मिटर ब्याजका कारण परिवारले ९६ लाख तिर्नु परेको, अरू ५० लाखको समेत कागज गरेको र नतिरेमा ज्यान मार्ने धम्की दिएकोले घर परिवारबाट पैसा माग्न लाज लागेर आफूले अपहरणको नाटक गरेको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

### निर्माणाधीन सडक अलपत्र

बुटवल । संघ र प्रदेशले दायित्व लिन आनाकानी गर्दा प्रदेश ५ का ७६ वटा सडक आयोजना अलपत्र परेका छन् । यी सडक संघीय सडक डिभिजनबाट प्रदेश मातहतमा हस्तान्तरण नभएका हुन् । प्रदेश ५ का पाँच डिभिजन कार्यालयमातहत रहेका १ सय ३१ सडकमध्ये ५५ वटा हस्तान्तरण भएको छन् । ती आयोजना प्रदेशमातहत निर्माणाधीन छन् । बाँकी सडक कस्ले निर्माण गर्ने भन्ने अत्तोपत्तो छैन । डेढ वर्षदेखि कुनै काम भएको छैन । सडक विभागका अनुसार यी आयोजनाको लागत ७० करोड ८५ लाख रूपैयाँ छ । २९ करोड ३२ लाख खर्च भएको छ । ठेक्का म्याद गुज्रिएका सडक लिन नसकिने प्रदेशले जनाएको छ । 'म्याद गुज्रिएका आयोजना भिडाउन खोजेकाले तक्काल ग्रहण गरेका छैनौं', प्रदेशको सडक डिभिजन शिवपुर कपिलवस्तुका प्रमुख ईश्वरबहादुर रिजाल भन्छन्, 'जीवित आयोजना जति पनि प्रदेशले लिन सक्छ ।'

### धुम्रपान र सुर्तीजन्य पदार्थ निषेध गर्ने अभियान

नेपालगन्ज । कानुनले सार्वजनिक स्थलमा धुम्रपान र सुर्तीजन्य पदार्थ निषेध मात्रै गरेको छैन दण्डनीय पनि बनाएको छ । तर, भएको कानुनको पालना भएको पाइँदैन । सार्वजनिक स्थलमा निर्वाध सुर्तीजन्य पदार्थ र धुम्रपान हुँदै आएको छ । तर, बाँके प्रहरीले त्यसमा रोक लगाउने भएको छ । जिल्ला प्रहरी कार्यालयले सूचना जारी गरेर सार्वजनिक स्थलमा धुम्रपान र सुर्तीजन्य पदार्थ सेवन नगर्न आग्रह गरेको छ । प्रहरीले सार्वजनिक स्थलमा हुने सुर्तीजन्य तथा धुम्रपानका विरूद्धमा चरणबद्ध कारवाही अगाडि बढाउने भएको छ ।

### कोरोनाको त्रासले बजार सुनसान

कैलाली । कैलालीको गौरीगंगाको मसुरियामा होलीमा पनि बजार सुनसान देखिएको थियो । कोरोनाको त्रासले होलीका दिन पनि मसुरिया सुनसान भएको हो । अघिल्लो बर्षमा २ कुईन्टलसम्म खुल्ला र प्याकेटको रंग करिव २०० पोका रंग बिक्री गर्ने मसुरियाका व्यापारीको रंग यस बर्ष ७० किलो खुल्ला र प्याकेटको ७० पोका रंग बिक्री हुन नसकेको व्यापारी लक्ष्मी घिमिरेले बताए । कोराना भाईरसको त्रासमा यहाँका मानिसहरू यो पटक भिडभाड गरेर पानी खेलेर होली मनाएनन् ।

### प्याड बनाउन सिक्दै ग्रामीण भेगका किशोरी

वीरगञ्ज । महिनावारी र प्रजनन् स्वास्थ्यका विषयमा किशोरीहरूलाई सचेत गराउन, महिनावारी हुँदा के गर्ने के नगर्ने, प्याडको प्रयोग कसरी गर्ने, विसर्जन कसरी गर्ने लगायतका विषयमा पर्साको बहुदरामाई नगरपालिका वडा न. ७ विश्रामपुरमा प्रशिक्षण दिइएको छ । मलेशिया सरकारको युवा तथा खेलकुद मन्त्रालयद्वारा सञ्चालित माई क्रप्स नामक संस्थाको सहयोग, सिर्जनशिल युवाहरूको समुह संस्कृति, अवारनेस ३६० र सामाजिक संस्था जिल्ला समन्व समितिको सहकार्यमा नि:शुल्क पुन: प्रयोग गर्न मिल्ने कपडाको सेनेटरी प्याड बनाउने बारे प्रशिक्षण दिइएको हो । तालिममा बहुदरामाई नगरपालिका वडा न. ७ र ९ का दुई विद्यालयका ६० जना छात्राहरूको सहभागिता रहेको थियो । मलेशियाबाट आएको टोलीले विगत २ महिनादेखि सो क्षेत्रका सामुदायिक तथा संस्थागत विद्यालयमा विभिन्न खेलकुद सामग्री, शैक्षिक सामग्री वितरण, भवन निर्माण लगायतका विभिन्न चेतनामुलक कार्यक्रमहरू गर्दै आएको छ । तालिममा अन्जु चौहान, सुष्मिता हमाल, सरीता खड्का, विवेक वरनवाल, आयुष पोखरेल, रोहित गुप्ता लगायतले प्रशिक्षण दिएको संस्कृतिका शशीकान्त सर्राफले बताए । मलेशियाबाट आएका नूर अस्यकिन बिनती हिड्जिर, अहमद थाकिफ बिन कामदानी, सीती नादिया बिन्टी जकारिया, नोरिजान बिन मोहम्मद र शु जियान लिम लगायतले सहयोग गरेको संस्कृतिका किरण गिरीले जानकारी दिइन् ।

### वाणिज्य बैंकले युवा लक्षित कार्यक्रम गर्ने

पर्सा । राष्ट्रिय वाणिज्य बैंकले सामाजिक उत्तरदायित्व बहन गर्न भन्दै प्रदेश २ मा युवा लक्षित कार्यक्रम गर्ने भएको छ । बैंकले शिक्षित तथा वेरोजगार युवालाई लक्षित गरी प्रदेश २ मा यस्तो कार्यक्रम गर्न लागेको हो । बैंकले प्रदेश १ र ३ मा भने यस्तो कार्यक्रम गरिसकेको जनाएको छ । प्रदेश २ मा गर्न थालेको कार्यक्रम तेस्रो कार्यक्रम भएको बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कविराज अधिकारीले बताए । फाइनान्सियल ट्रेनिङ्ग सेन्टरको रूपमा अगाडि लैजाने उद्देश्यले यो कार्यक्रम युवावर्गलाई लक्षित गरी सातवटै प्रदेशमा गर्ने अभियानका साथ सुरू गरेको उनको भनाइ छ । बैंकले यहि फाल्गुन २१ गतेबाट फाल्गुन ३० सम्म नि:शुल्क आवेदन लिइरहेको छ । वित्तीय क्षेत्रमा रोजगारी गर्न ईच्छुक युवा वर्गको लागि आह्वान गरिएका आवेदनमध्येबाट छनोट गरी टेक्निकल, व्यावहारिक र प्रयोगात्मक तालिम दिने बैंकका नायव प्रमुख कार्यकारी अधिकृत अधिकारीले बताए । बैंकले आह्वान गरेको समयमा निवेदन दिएर मापदण्ड पूरा गरेका ५० जना युवाहरूलाई छनोट गरी तालिममा सहभागी गराई नेपालमै सम्भवत: पहिलो पटक बैंकले नि:शुल्क रूपमा युवा लक्षित रोजगारी उन्मुख तालिम दिन थालेको उनको भनाइ छ ।

### "कृत्रिम अभाव हुने गरी राख्नुको अर्थ छैन"

विराटनगर, २९ फागुन । ग्यास र इन्धनको आयातमा कुनै समस्या नभएपनि उपभोक्ता अभाव हुनसक्ने डरमा छन् । घरमा रहेका खाली सिलिन्डर भराउनेदेखि नयाँ सिलिन्डर खरिद गरेर भन्डारन गराउँदै आएका हुन् । कोरोना भाइरस संक्रमणका कारण अभाव हुनसक्ने सम्भावनालाई उपभोक्ताले गरेको आशङ्कालाई भने ग्यास र इन्धनको आपूर्तिको तथ्यांकसँग मेल खाँदैन । बजारमा ग्यासको कृत्रिम अभाव हुने गरी घरमा सिलिन्डर राख्नुको कुनै अर्थ देखिँदैन । नेपाल आयल निगम प्रादेशिक कार्यालय विराटनगरका अनुसार प्रोडक्ड डेलिभरि अर्डर (पीडीओ) लिएका ग्यास उद्योगीले सामान्य अवस्थामा झैं ग्यास आयात गरिरहेका छन् । उद्योगीले आयात गरेको ग्यास बजारमा समेत साबिक अवस्थामा झैं पठाइरहेका छन् ।

## कला/साहित्य

कमल मण्डल



# संघर्षशील मलिउडका नवनायक लक्ष्मण मण्डल



मलिउड फिल्म इन्डस्ट्रीजमा नायकको रूपमा आफ्नो पहिचान स्थापित गराउन प्रयासरत छन् लक्षमण मण्डल । प्रदेश २ अन्तर्गत महोत्तरी जिल्ला बर्दिवास बिजलपुरा-३ स्थाई घर भएका उनी विगत आठ वर्षदेखि कलाकारिता क्षेत्रमा सक्रियरूपमा लागेका छन् । बेचलरसम्मको अध्ययन पूरा गरेका उनी एडभान्स चुम्मा, फेसनके जमाना, ढोढीके निचा, पागल, लमजिहात होजाई, चिरैया लोल मारिदेतौ लगायत करिब पाँच दर्जन मैथिली तथा भोजपुरी एल्बमको गीतमा अभिनय गरिसकेका छन् भने केही डकुमेन्ट्री फिल्मसँगै भोजपुरी फिल्म बगलबाली आँख मारेलीमा पनि आफ्नो अभिनय क्षमता देखाइसकेका छन् । हाल मिथिलाको राजधानी जनकपुरधाममा अभिनय, गायनसँगै शारिरीक व्याम सम्बन्धी तालिम पनि लिइरहेका छन् ।
२०४७ कातिक १ गते जन्मिएका मण्डल बुवा रामबाबु मण्डल तथा आमा विना देवी मण्डलसँगै भाई शत्रुधन मण्डलले पनि उनको हरेक काममा सहयोग र हौसला दिने गरेको बताउने लक्षमण सुरूका दिनमा सौखको रूपमा कला क्षेत्रमा लागेका थिए भने अहिले व्यावसायिक रूपमा मैथिली कला क्षेत्रको बजार विस्तार भइरहेकोले म पनि पूर्ण रूपमा कला क्षेत्रमा नै समर्पित भएर लागेको कुरा बताउँछन् । लक्ष्मण सयौंको संख्यामा स्टेज कार्यक्रमहरू गरिसकेका छन् । उनले जागु बेटी र दहेजक पिडा जस्ता मैथिली फिल्मसँगै पाँच दर्जनभन्दा बढी म्युजिक भिडियोहरूमा सफल अभिनय पनि गरिसकेका छन् । मेरो मिहिनेत र अभिनय क्षमता देखेर नै मैले छोटो समयमा यति धेरै एल्वम हुँदै फिल्मसम्म पुगेको छु, उनी भन्छन्, त्यसैले एउटा राम्रो अभिनेता बन्नका लागि चाहिने सम्पूर्ण कुराहरू म नियमित सिकिराखेको छु । लक्ष्मण विना जानकारी र बिना ट्रेनिङ्ग कला क्षेत्रमा नलाग्ने सुझाव पनि दिएका छन् नवआगन्तुक कलाकारहरूलाई ।

## ‘भारत छिमेकी राष्ट्र मात्र नभई समृद्धिको साझेदार पनि हो’

काठमाडौं । राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिना र नेपालका लागि भारतीय राजदूत विनयमोहन क्वात्राबीच भेटवार्ता भएको छ। सिंहदरबारस्थित अध्यक्ष तिमिल्सिनाको कार्यकक्षमा भएको भेटमा दुई देशको सम्बन्ध, साझेदारी, सहकार्य लगायतका विषयमा कुराकानी भएको थियो । भेटमा अध्यक्ष तिमिल्सिनाले नवनियुक्त राजदूत क्वात्रालाई नेपालका लागि राजदूतमा नियुक्त भएकोमा बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गरे । उनले भने,नेपाल र भारतबीच लामो समयदेखि सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक तथा जनस्तरको सम्बन्ध सुमधुर रहँदै आएको छ, नेपाल र भारत बीचको बहुआयामिक सम्बन्धलाई थप सुदृढ तुल्याउन यहाँको भूमिका महत्वपूर्ण हुने विश्वास लिएको छु ।’
त्यसैगरी राजदूत क्वात्राले भेटका क्रममा नेपाल र भारतको सम्बन्ध सरकार, संसद र जनस्तरमा उच्च रहेको बताए । उनले दुई देशबीचमा भएका उच्चस्तरीय भ्रमणले नेपाल र भारत छिमेकी मात्र नभई समृद्धीका साझेदार भएको धारणा राखेका थिए । राजदूत क्वात्राले दुई देशका संसदबीचको सम्बन्ध र सहकार्यलाई अभिवृद्धि गर्न उच्चस्तरीय संसदीय भ्रमण हुनुपर्ने बताए ।

## आयात रोकिएको छैन : आपूर्तिमन्त्री भट्ट

काठमाडौं । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टले तेस्रो मुलुकबाट सामान आयात बन्द नभएको बताएका छन् । कोरोना भाइरस (कोभिड–१९) का कारण चीन, भारत तथा तेस्रो मुलुकबाट आयात निर्यात ठप्प भएको समाचार सार्वजनिक भइरहेका बेला मन्त्री भट्टले यस्तो बताएका हुन् । राजधानीमा भएको एक कार्यक्रममा मन्त्री भट्टले चीन, भारत तथा तेस्रो मुलुकबाट केही आउँदैन भन्ने मनोविज्ञान हटाउन आवश्यक रहेको बताए । ‘चीन, भारत, तेस्रो मुलुकबाट केही आउँदैन भन्ने मनोविज्ञान तोड्नु आवश्यक छ । सामान आइरहेको छ तर केही सतर्कता अपनाइएको छ’, उनले भने ।

## आर्थिक समाचार

### साल्ट ट्रेडिङसँग १० महिनाभन्दा बढी स्टक

काठमाडौं । बजारहरूमा नूनको अभाव भएको सम्बन्धमा साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडको ध्यानाकर्षण भएको छ । विगतमा नेपालमा भएको नाकाबन्दी, विनाशकारी भूकम्प लगायतका समयहरूमा नेपालमा सहज, सरल र सुपथ मूल्यमा कहिं कतै कुनै अभाव नहुने गरी आयोडिनयुक्त नूनको आपूर्ति व्यवस्था साल्ट ट्रेडिङ्गले मिलाउँदै आएको आएको छ । नेपालभरिका जनताहरूलाई नूनको आपूर्ति व्यवस्था मिलाउन कर्पोरेसन अन्तर्गतका विभिन्न कार्यालयहरू समेतमा करिब १,३६,००० मेट्रिक टन गोदाममा र २२,५०० मेट्रिक टन मार्गस्थल गरि करिव १,५८,५०० मेट्रिक टन आयोडिनयुक्त नून बफर स्टक मौज्दात रहेको साल्ट ट्रेडिङ्गको केन्द्रीय कार्यालयले जनाएको छ । सो परिमाणको आयोडिनयुक्त नूनले देशभरिका जनताहरूलाई करिब १० महिनाभन्दा बढी समयसम्म आपूर्ति व्यवस्था मिलाउन सक्ने क्षमता हुनुको साथै चिनीको आपूर्तिमा समेत कुनै अभाव नरहेको साल्ट ट्रेडिङ्गले प्रष्ट्याएको छ ।

### प्राइम र कैलाशको एकीकृत कारोबार सुरू

काठमाडौं । एक समारोहबीच बैंकका संचालक समितिका अध्यक्ष राजेन्द्र दास श्रेष्ठले कैलाश विकास बैंक लिमिटेडलाई प्राप्तिपश्चात् एकीकृत कारोबार शुभारम्भ गरेका छन् । प्राइम कमर्सियल बैंकका संचालक समितिका अध्यक्ष श्रेष्ठको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा दुबै बैंकका संचालक, प्रमुख कार्यकारी अधिकृतहरूको उपस्थिति रहेको थियो । बैंकले विभिन्न वित्तीय संस्थाहरूलाई प्राप्ति गरी आफ्नो पूँजी बृद्धि गर्ने योजनाअन्तर्गत कैलाश विकास बैंकलाई प्राप्ति गरिएको हो । प्राप्ति पश्चात बैंकको चुक्ता पूँजी १३ अर्व ९८ करोड पुगेको छ भने निक्षेप करिब रू.१३० अर्व तथा कर्जा लगानी रू. ११४ अर्व पुगेको छ । प्राप्ति पश्चात बैंकको कुल शाखा संख्या २०० पुगेको छ । प्रमुख आर्थिक गतिविधिहरू हुने स्थानहरूका अतिरिक्त शाखा संजाल देशव्यापी बनेको छ ।

## ढकाल र दिल्लीका मुख्यमन्त्रीबीच भेट

नयाँ दिल्ली । नेपाल परिवार दलका अध्यक्ष तथा पूर्वमन्त्री एकनाथ ढकालले दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालसँग भेट गरेका छन् । भेटमा आपसी हित र मित्रता विस्तारको बारेमा कुरा भएको छ । साथै मुख्यमन्त्रीमा निर्वाचित भएका नेता केजरीवाललाई ढकालले बधाई दिएका थिए । ढकालले मुख्यमन्त्री केजरिवालले पहलकदमी लिएको विकास र सुशासनको नमूना सबैको लागि उत्प्रेरित रहेको बताएका थिए । साथै ढकालले मित्रताको लागि उपयुक्त समयमा नेपालको भ्रमण गर्न आग्रह पनि गरे । नेता केजरीवालले नेपाल अत्यन्त घनिष्ट छिमेकी मित्रराष्ट्र भन्दै भ्रमणको इच्छा व्यक्त गरेका थिए ।

## सिक्किमले सीमामा निगरानी गर्ने

काठमाडौं । कोरोनाको प्रकोपबाट बच्नका लागि सिक्किमलेसबै इनरलाइन परमिट रद्द गरेको छ । यसको अर्थ सिक्किमबाट आउने विदेशीहरूको प्रवेशमा पूर्ण रूपले रोक लगाइएको छ । यसका साथै नेपालसँग जोड़िएको सिक्किमको सीमा क्षेत्र चिवाभञ्ज्याङलगायत राज्यका सबै नाकामा चौबिसै घण्टा निगरानी टिम खटाइएको छ । राज्यको सचिवालय टाशिलिङमा बसेको उच्चस्तरीय बैठकमा यस्तो निर्णय गरिएको हो । कोरोनाको प्रकोपबाट सिक्किमलाई सुरक्षित राख्न लागि उच्च सतर्कता अपनाइने निर्णयअनुरूप इनरलाइन परमिट रद्द गर्नका साथै राज्यका सबै नाकामा चौबिसै घण्टा निगरानी टिम तैनाथ गरिने भएको हो । बैठकमा विशेषगरी भारतमा कोरोनाको बढ्दो सङ्क्रमणबारे चिन्ता व्यक्त गर्दै सम्भावित खतराबाट सिक्किमलाई जोगाउनका लागि उचित र प्रभावकारी कार्ययोजना र सतर्कता अत्यावश्यक रहेको ठहर गरिएको थियो ।

## सांस्कृत्यायनको “बौद्ध दर्शन” नेपालीमा

काठमाडौं । विश्वप्रसिद्ध भारतीय दार्शनिक एवं लेखक राहुल सांस्कृत्यानको ‘बौद्ध दर्शन’ नामक पुस्तकको नेपाली अनुवाद बजारमा आएको छ । बौद्ध दर्शनका सिद्धान्त र मान्यतामाथि केन्द्रित रहेको पुस्तकलाई लेखक ललिजन रावलले नेपाली भाषामा अनुवाद गरेका हुन् । पुस्तकमा ‘गौतम बुद्धका मूल सिद्धान्त’, ‘गौतम बुद्ध’, ‘बौद्ध सम्प्रदाय’ र ‘बौद्ध दर्शनको चरम विकास’ गरी पाँच अध्याय छन् । यी अध्यायमा बौद्ध दर्शनका मूलभूत सिद्धान्तलाई सरलीकरण गरिएको छ । हिन्दी साहित्य र दर्शनशास्त्रमा राहुल सांस्कृत्यायनको नाम लोकप्रिय छ । जीवनभरि घुमक्कडको रूपमा व्यतित गरेका सांस्कृत्यानले एक सय पचासभन्दा बढी ग्रन्थ लेखेका छन् । यो पुस्तकमा उनले धार्मिक व्याख्याभन्दा पनि आधुनिक दर्शनको आधारमा बौद्ध दर्शनको विश्लेषण गरेका छन् ।

## उर्जा क्षेत्रमा उल्लेख्य काम

काठमाडौं । भारतले केपी शर्माओली नेतृत्वमा नेकपाको सरकार बनेपछि द्विपक्षीय साझेदारीमा सबैभन्दा उल्लेख्य काम उर्जा क्षेत्रमा भएको बताएको छ । नेपालका लागि नवनियुक्त भारतीय राजदूत विनयमोहन क्वात्राले ऊर्जा, जलश्रोत तथा सिञ्चाइमन्त्री वर्षमान पुन ‘अनन्त’ लाई भेटेर वर्तमान सरकार गठन भएपछि ऊर्जा क्षेत्रमा राम्रो काम भएको भारतीय निष्कर्ष सुनाएका हुन् । त्यसको वातावरण निर्माणमा सक्रिय र नेतृत्वदायी भूमिका निर्वाह गरेकोमा राजदूत क्वात्राले मन्त्री पुनको प्रशंसा गरे । विशेषगरी लामो समय अलपत्र अवस्थामा रहेको अरूण तेश्रो जलविद्युत आयोजना निर्माणको कामले गति लिएकामा राजदूत क्वात्राले खुसी व्यक्त गरे । अरूण तेश्रोको ३० प्रतिशत काम सम्पन्न भइसकेको चर्चा गर्दै उनले निर्धारित समयमै आयोजनाको काम सम्पन्न हुने विश्वास व्यक्त गरे । राजदूत क्वात्राले पहुँच मार्गको स्तरोन्नति, विस्फोटक पदार्थ आयात र सुरक्षामा ख्याल गरिदिन आग्रह गरे । यस्तै, बुटवल-गोरखपुर प्रसारण लाइन निर्माणका लागि भएको सहकार्यको सहमतिले उक्त काम सफलतापूर्वक सम्पन्न हुने आशा जागेको राजदूत क्वात्राको भनाइ थियो । उक्त प्रसारण लाइन निर्माणका लागि नेपाल-भारत संयुक्त कम्पनी नै निर्माण भइसकेको छ । मन्त्री पुन मन्त्रालयको नेतृत्वमा आएपछि नेपाल-भारतबीच इनर्जी बैंकिङको सैद्धान्तिक सहमतिमा हस्ताक्षर भएको छ । यस्तै, भारतले छिमेकी मुलुकसँग विद्युत आयात निर्यातका लागि ल्याएको निर्देशिका परिमार्जन भयो । जसले दुई देशबीच इनर्जी बैंकिङका साथै अन्तरदेशीय विद्युत व्यापारका लागि बाटो खुलेको थियो । सोही आधारमा नेपालले बंगलादेशँग विद्युत व्यापारको सम्झौता गरेको छ ।

## पन्तलाई अवार्ड

काठमाडौं । सञ्चार विज्ञ तथा मिडिया शोधकर्ता लक्ष्मणदत्त पन्तले इन्टरनेशनल कम्युनिकेसन एक्सलेन्स अवार्ड प्राप्त गरेका छन् । भारतको बैंग्लोरमा आयोजित १४ औं ग्लोबल कम्युनिकेसन कनक्लेभमा पब्लिक रिलेसन काउन्सिल अफ इन्डियाले पन्तलाई अवार्ड प्रदान गरेको हो । विश्वभरिबाट भेला भएका सञ्चारकर्मी, जनसम्पर्क तथा मिडिया विज्ञहरूको उपस्थितिमा प्रदान गरिएको उक्त अवार्ड अन्तर्राष्ट्रिय सञ्चार क्षेत्रको उत्कृष्ट अवार्ड मानिन्छ । पन्तले सञ्चार, मिडिया विकास तथा अनुसन्धानका क्षेत्रमा अन्तर्राष्ट्रिय रूपमा पुऱ्याएको योगदानका लागि उक्त अवार्ड प्रदान गरिएको हो । नेपाल, भारत, चीन, मलेसिया, श्रीलंका, बंगलादेश र फिनल्याण्डका विश्वविद्यालयहरूमा पत्रकारिता शिक्षण र सोधमा संलग्न पन्तका अन्तर्राष्ट्रिय जर्नलहरूमा मिडियासम्बन्धी लेखहरू समेत प्रकाशित छन् ।

## श्रेष्ठलाई नइ अन्तर्राष्ट्रिय पुरस्कार

काठमाडौं । नइ प्रकाशनले भारत काशीका प्रथम नेपाली कथानक चलचित्र आमाको पटकथा र सम्वाद लेखेका दुर्गाप्रसाद श्रेष्ठलाई दुई लाखसहित नइ देरूनीख अन्तर्राष्ट्रिय पुरस्कार समर्पण गर्ने भएको छ । नइ प्रकाशनका अध्यक्ष इन्दिरा प्रसाईंको अध्यक्षतामा बसेको नइ प्रकाशनको बैठकले सो निर्णय गरेको हो । सात दशकदेखि नेपाली साहित्यमा समर्पित रही कथा, कविता, उपन्यास, समालोचना, निबन्ध लेखनका साथै अनुवादकका रूपमा समेत प्रतिष्ठित ८२ वर्षीय श्रेष्ठलाई सो पुरस्कार समर्पण गरिने भएको हो । यो पुरस्कार नेपाली गोर्खाली मूलका विदेशी नागरिकलाई प्रदान गरिन्छ । वि. सं १९९३ देखि काशीबहादुर श्रेष्ठको प्रकाशन र सम्पादनमा भारतको बनारसबाट उदय मासिकको प्रकाशन आरम्भ भएको थियो । सोही पत्रिकामा प्राडा. ईश्वर बरालले २००४ सालमा लक्ष्मीप्रसाद देवकोटालाई सर्वप्रथम महाकवि लेखेका थिए । काशीबहादुर श्रेष्ठका जेठा छोरा दुर्गाप्रसादबाट नै चार दशकअघिदेखि उदय पत्रिकाको समेत निरन्तर सम्पादन र प्रकाशन हुँदै आएको छ । श्रेष्ठले २०२० सालमा प्रदर्शित प्रथम नेपाली कथानक चलचित्र आमाको पटकथा र सम्वाद लेखेका थिए । हिरासिंह खत्रीद्वारा निर्देशित आमाको उनी सहायक निर्देशक पनि थिए ।







मिथिला दर्शन
टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

विशेष जानकारीका लागि सम्पर्क
मोबाइल : ९८४३१४६४८८
कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि
Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१,
फ्याक्स : ५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं